

शैलुङ गाउँपालिकाको
गाउँ वस्तुगत विवरण
तथा
आवधिक योजना
(२०७४/७५-२०७८/७९)

शैलुङ गाउँपालिका
काटाकुटी, दोलखा
प्रदेश नं. ३, नेपाल
२०७५

शैलुङ गाउँपालिकाको

गाउँ वस्तुगत विवरण

तथा

आवधिक योजना

(२०७४/७५-२०७८/७९)

शैलुङ गाँउपालिका

काटाकुटी, दोलखा

प्रदेश नं. ३, नेपाल

२०७५

मा. पार्वत गुरुङ
सदस्य
प्रतिनिधि सभा, नेपाल

Hon. Parbat Gurung
Member
House of Representatives, Nepal

शुभ कामना

नेपाली जनताको निरन्तरको बलीदानी तथा संघर्षपछि प्राप्त नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने गरी तीन तहको शासन प्रणालीको परिकल्पना गरेको छ । उक्त तीन तहमध्ये जनताको नजिकको सरकारको रुपमा स्थानीय तहको व्यवस्था गरेको छ। गत वर्ष २०७४ मा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि स्थानीय तहका निर्वाचित सरकारहरु निर्वाचनमा आफूले कबोल गरेका प्रतिबद्धताहरु पूरा गर्न योजनाबद्ध तरिकाले लाग्नू भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को निर्माणपछि स्थानीय तहको योजनावद्ध विकास व्यवस्थापनका लागि स्थानीय सरकारले वस्तुगत विवरण तथा आवधिक योजना बनाउनुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था बमोजिम शैलुङ गाउँपालिकाले गाउँ वस्तुगत विवरण तथा अवाधिक योजना, २०७५ तयार गरी प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

स्थानीय तहको नयाँ संरचना कायम भएपछि विकासका प्रकृयाहरु अघि बढाउनका लागि आवश्यक भरपर्दा र पर्याप्त सूचनाहरु उपलब्ध हुन नसकिरहेको सन्दर्भमा यो गाउँ वस्तुगत विवरण तयार भएको छ । यस विवरणमा उल्लेख भएका सूचना तथा तथ्याङ्कहरुले आगामी बर्षहरुको लागि विकास योजना छनौट गर्न तथा ती योजनाको प्राथमिकीकरणमा योगदान गर्न सक्नेविश्वास मैले लिएको छु । साथै यही वस्तुगत विवरणमा उपलब्ध तथ्याङ्कहरुमा आधारित भई गाउँपालिकाले ५ वर्षको आवधिक योजना समेत एकैसाथ तयार गरेको छ । स्थानीय तहमा निर्वाचित पदाधिकारीहरुको निर्वाचन भएको अवधिभरका लागि बनाइएको उक्त आवधिक योजनाले शैलुङवासीको जीवनस्तरमा सुधार ल्याउन तथा शैलुङ गाउँपालिकाको ***सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख समृद्ध शैलुङको निर्माण*** को सपनालाई साकार पुऱ्याउने नै छ ।

यस वस्तुगत विवरणमा उल्लेख भएका तथ्य तथा आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकताहरुमा आधारित भई गाउँपालिकाले आफ्ना योजना तथा कार्यक्रमको छनौट गर्न सुझाव राख्दै गाउँपालिकाको सन्तुलित, समवेशी र समतामूलक विकासको लागि यो दस्तावेज कोशेढुङ्गो बन्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहान्छु ।

पार्वत गुरुङ
सांसद
प्रतिनिधि सभा
मितिः पौष ३०, २०७५

Phone No.: 01-4780474, 4386690, 4784428 (Office) 01-4365927 (Res)**Mobile No.:** 9851055084
Email: parbatgurung4@gmail.com

पशुपति चौलागाई
प्रदेश सभा सदस्य – प्रदेश नं. ३
केन्द्रीय सदस्य, नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)

Pashupati Chaulagain
Province Assembly Member - Province No. 3
Central Committee Member, Nepal Communist Party (NCP)

शुभकामना

मिति: पौष ३०, २०७५

शैलुङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका भौगोलिक, जनसाङ्खिक, आर्थिक, सामाजिक, भौतिक र वातावरणीय पक्षहरुलाई समेटी **गाँउ वस्तुगत विवरण तथा आवधिक योजना** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस सद्दानिय कार्यका लागि शैलुङ गाउँपालिकालाई हार्दीक बधाई तथा सफलताको शुभकामना दिन चाहन्छु ।

प्रत्येक व्यक्तिको सुख र समृद्धि आर्थिक सामाजिक विकाससँग जोडिएको हुन्छ । आर्थिक सामाजिक विकासका लागि वास्तविक र भरपर्दो सूचना तथा तथ्याङ्क आवश्यक मानिन्छ । आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको क्षेत्रमा योजना तर्जुमा गर्दा वर्तमानको यथार्थ अवस्था जानकारी राख्नु पर्दछ । उक्त विषयलाई हृदयङगम गर्दै शैलुङ गाँउपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सम्पूर्ण पक्षलाई समेटी प्रकाशीत गर्न लागिएको **वस्तुगत विवरण तथा आवधिक योजनाले** गाँउपालिकाको समग्र विकासमा आधार रेखा प्रदान गरी आवधिक तथा वार्षिक योजना तर्जुमामा सहयोग पुग्ने विश्वास लिएको छु । स्थानीय तहमा निर्वाचित पदाधिकारीहरुको निर्वाचन भएको अवधिभरका लागि बनाइएको उक्त आवधिक योजनाको सफल कार्यान्वयनले मात्रै शैलुङवासीको जीवनस्तरमा सुधार ल्याउन तथा शैलुङ गाउँपालिकाको ***सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख समृद्ध शैलुङको निर्माण*** को सपनालाई साकार बनाउन सम्भव छ ।

अन्त्यमा, स्थानीय तहको नयाँ संरचना कायम भएपछि प्रकासन गर्न लागिएको **गाँउ वस्तुगत विवरण तथा आवधिक योजनाले** शैलुङ गाँउपालीकालाई विकासको शिखरमा पुऱ्याउने कार्यमा कोशेढुङ्गो बन्न मदत गर्ने नै छ । यस पुस्तकमा उल्लेख भएका सूचना तथा तथ्याङ्कहरुले आगामी बर्षहरुको लागि विकास योजना छनौट गर्न तथा ती योजनाको प्राथमिकीकरणमा योगदान गर्न सक्ने विश्वास मैले लिएको छु । सूचना नै विकासको महत्वपूर्ण आधार भएको हुँदा **गाँउ वस्तुगत विवरण तथा आवधिक योजनाको** पूर्ण सदुपयोग गरी सहभागितात्मक, समावेशी र समतामूलक विकास मार्फत समृद्ध शैलुङ निर्माणको लागी पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पशुपति चौलागाई

Tel (Res): 977-1-6636529, Cell: 9851101026, E-mail: ppc53.chaulagain@gmail.com
Web: www.pashupatichaulagain.com

माननिय विशाल खड्का
प्रदेश सभा सदस्य
प्रदेश नं.: ३
(निर्वाचित, दोलखा-१)

Hon. Bishal Khadka
Provincial Assembly Member
Province No. 3
(Elected from Dolakha-1)

मिति: पौष ३०, २०७५

शुभ-कामना

नेपाली जनताको निरन्तरको बलीदानी तथा संघर्षपछि प्राप्त नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने गरी तीन तहको शासन प्रणालीको परिकल्पना गरेको छ। उक्त तीन तहमध्ये जनताको नजिकको सरकारको रुपमा स्थानीय तहको व्यवस्था गरेको छ। गत वर्ष २०७४ मा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि स्थानीय तहका निर्वाचित सरकारहरु निर्वाचनमा आफूले कबोल गरेका प्रतिबद्धताहरु पूरा गर्न योजनाबद्ध तरिकाले लाग्नू भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को निर्माणपछि स्थानीय तहको योजनावद्ध विकास व्यवस्थापनका लागि स्थानीय सरकारले वस्तुगत विवरण तथा आवधिक योजना बनाउनुपर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था बमोजिम शैलुङ गाउँपालिकाले गाउँ वस्तुगत विवरण तथा अवाधिक योजना, २०७५ तयार गरी प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ।

स्थानीय तहको नयाँ संरचना कायम भएपछि विकासका प्रकृयाहरु अघि बढाउनका लागि आवश्यक भरपर्दा र पर्याप्त सूचनाहरु उपलब्ध हुन नसकिरहेको सन्दर्भमा यो गाउँ वस्तुगत विवरण तयार भएको छ। यस विवरणमा उल्लेख भएका सूचना तथा तथ्याङ्कहरुले आगामी बर्षहरुको लागि विकास योजना छनौट गर्न तथा ती योजनाको प्राथमिकीकरणमा योगदान गर्न सक्ने विश्वास मैले लिएको छु। साथै यही वस्तुगत विवरणमा उपलब्ध तथ्याङ्कहरुमा आधारित भई गाउँपालिकाले ५ वर्षको आवधिक योजना समेत एकैसाथ तयार गरेको छ। स्थानीय तहमा निर्वाचित पदाधिकारीहरुको निर्वाचन भएको अवधिभरका लागि बनाइएको उक्त आवधिक योजनाले शैलुङवासीको जीवनस्तरमा सुधार ल्याउन तथा शैलुङ गाउँपालिकाको ***सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख समृद्ध शैलुङको निर्माण*** को सपनालाई साकार पुऱ्याउने नै छ।

यस वस्तुगत विवरणमा उल्लेख भएका तथ्य तथा आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकताहरुमा आधारित भई गाउँपालिकाले आफ्ना योजना तथा कार्यक्रमको छनौट गर्न सुझाव राख्दै गाउँपालिकाको सन्तुलित, समवेशी र समतामूलक विकासको लागि यो दस्तावेज कोशेढुङ्गो बन्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहान्छु।

शैलुङ गाउँपालिका
काटाकुटी, दोलखा
प्रदेश नं. ३, दोलखा, नेपाल

मिति : २०७५।०९।१८

अध्यक्षको शुभ-कामना

समृद्ध नेपालको खोजीमा हामी इतिहासदेखि निकै लामो बाटो हिँडिरहेका छौं । यस बीचमा थुप्रै राजनीतिक मोडहरु पार भए तापनि आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धिको गन्तव्य पुग्न बाँकी नै छ। राजनीतिक तथा संवैधानिक उपलब्धिको सन्दर्भमा नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासन प्रणालीको परिकल्पना गरी जनताको नजिकको सरकारको रुपमा स्थानीय तहको व्यवस्था गरेको छ । वि.सं. २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनबाट स्थानीय सरकार स्थापना भई शासन सञ्चालनको दोस्रो वर्षमा आइपुगेको छ । संघीय शासन प्रणालीको शिशु अनुभवको भरमा अत्यन्त सीमित स्रोत, साधन बोकेर जनताका अभावहरुको पहाड फोर्दै मागहरुको ठूल्ठूला गाग्रा भर्नुपर्ने दायित्व हामी जनप्रतिनिधिहरु माथि आएको छ ।

स्थानीय तहको शासन र विकास कार्य सञ्चालनका लागि संविधान बमोजिम 'स्थानीय सरकार सञ्चालन ऐन २०७४' कार्यान्वयनमा आएको छ । उक्त ऐन अनुसार स्थानीय तहले गाउँपालिका वस्तुगत विवरण तयार गरी सो को आधारमा दीर्घकालीन योजना बनाएर लागु गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार प्रस्तुत **शैलुङ गाउँपालिकाको वस्तुगत विवरण तथा आवधिक योजना** तयार गरिएको हो । गाउँपालिकाको विस्तार भएको भूगोल, अधिकारक्षेत्र र सूचना प्रविधिमा आएको विकास गतिको वर्तमान अवस्थामा सीमित स्रोत, साधनको कारण हामीले वस्तुगत विवरणहरुलाई अझै चाहे जति गहिराइमा पुग्न सकेका छैनौं र यसलाई आधारशीला बनाउँदै क्रमशः परिष्कृत गर्दै लैजाने सोच बनाएका छौं । प्रस्तुत वस्तुस्थिति विवरण र आवधिक योजनाले गाउँपालिकाको यथार्थ विवरण चित्रण गर्न र दीर्घकालीन विकासको लक्ष्यलाई मार्गदर्शन गर्न मद्दत पुग्नेछ भन्ने अपेक्षा लिएका छौं ।

यो दस्तावेजलाई प्रकाशन सम्म पुऱ्याउन योगदान गर्नुहुने उपाध्यक्ष श्री लालमाया योञ्जन घिसिङ लगायत गाउँ कार्यपालिकाका पदाधिकारीहरु, सम्पूर्ण निर्वाचित प्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत रमेश विश्वकर्मा (सुनार), प्रशासन तथा योजना शाखा प्रमुख तीर्थराज घिमिरे, सामाजिक विकास शाखा प्रमुख बलराम पौड्याल लगायत सम्पूर्ण कर्मचारीहरु, प्रतिनिधिसभा सदस्य माननीय श्री पार्वत गुरुङ, प्रदेशसभा सदस्य माननीय श्री पशुपति चौलागाइँ, विशाल खड्का लगायत प्रदेशसभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनीतिक दलका नेतृत्व एवम् गाउँपालिका तहका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला समन्वय समितिका पदाधिकारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा; प्रस्तुत वस्तुगत विवरण तथा आवधिक योजनालाई समग्र प्रक्रिया सहित पुस्तक आकारमा ल्याउन परामर्शदाताको भूमिका निर्वाह गर्ने डी.आर.पी.सी.दोलखाका प्रेमप्रसाद अधिकारी, बिर्ख छेत्री, राजन श्रेष्ठ, सहजीकरणमा योगदान गर्ने डा. नानीराम सुवेदी, कृष्णबहादुर खडका, त्रिभुवन पौडेल, भोला खतिवडा, भूसूचनाविज्ञ निरोज तिमल्सिना, फिल्ड सहयोगी स्रोतसर्वेक्षण टिम तथा घरधुरी सर्वेक्षणका सम्पूर्ण गणकहरु र शैलुङ बासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

.....

भरतप्रसाद दुलाल
अध्यक्ष
शैलुङ गाउँपालिका

खण्ड एक : वस्तुगत विवरण

बिषय-सूची

शुभ कामना
कृतज्ञता ज्ञापन

क्र.सं.	विषयक्रम	पेज

खण्ड एक वस्तुगत विवरण

अध्याय १ : प्रारम्भिक

	शैलुङ गाउँपालिका : एक संक्षिप्त परिचय	३
	संक्षिप्त वडा परिचय वडा नं. १	५
	संक्षिप्त वडा परिचय वडा नं. २	७
	संक्षिप्त वडा परिचय वडा नं. ३	९
	संक्षिप्त वडा परिचय वडा नं. ४	११
	संक्षिप्त वडा परिचय वडा नं. ५	१३
	संक्षिप्त वडा परिचय वडा नं. ६	१५
	संक्षिप्त वडा परिचय वडा नं. ७	१७
	संक्षिप्त वडा परिचय वडा नं. ८	१९
१.१	पृष्ठभूमी	२१
१.२	उद्देश्य	२१
१.३	गाउँ वस्तुगत विवरणका कानूनी तथा नीतिगत आधारहरु	२२
१.४	तयारीका चरण	२३
१.५	वस्तुगत विवरणको सीमा	२४

अध्याय २ : गाउँपालिकाको संक्षिप्त चिनारी

२.१	भौगोलिक अवस्थिति	२६
२.२	ऐतिहासिक चिनारी तथा नामाकरण	२६
२.३	राजनीतिक अवस्थिति	२७
२.४	हावपानी जलवायु	२७
२.५	भू बनौट तथा उपयोगको अवस्था	२७
२.६	प्राकृतिक सम्पदा	३१
२.७	साँस्कृतिक उत्कृष्टता	३१
२.८	विकासका संभावनाहरु	३२
२.९	ग्राहस्थ उत्पादन	३२
२.१०	मानव विकास सूचकांक	३२

अध्याय ३ : पारिवारिक तथा जनसंख्या विवरण

३.१	वस्ती र घरपरीवार विवरण	३३
३.२	जनसंख्याको वडागत विवरण	३४
३.३	उमेर अनुसार जनसंख्या विवरण	३५

३.४	मातृभाषाको आधारमा जनसंख्या विवरण	३६
३.५	धर्म अनुसार जनसंख्या विवरण	३७
३.६	जातिगत आधारमा जनसंख्या विवरण	३८
३.७	पेशाका आधारमा परिवार तथा जनसंख्या	३९
३.८	आर्थिक रुपले सक्रिय जनसंख्या विवरण	४०
३.९	अपागंताको आधारमा जनसंख्या विवरण	४१
३.१०	बसाइ सराइको अवस्था	४२
३.११	व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण	४३
३.१२	सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण	४३
३.१३	विवाह उमेर	४४
३.१४	बहु विवाह र पुन विवाहको अवस्था	४४
३.१५	अन्तरजातीय विवाहको अवस्था	४६

अध्याय ४ : आर्थिक अवस्था

४.१	प्राविधिक, सीपयुक्त तथा विशेष व्यवसायिक दक्षता भएका जनशक्ति	४७
४.२	मुख्य पेशा सम्बन्धी विवरण	४८
४.३	पेशा गरिरहेको स्थान	४८
४.४	औसत आम्दानी तथा खर्च विवरण	४९
४.५	विपन्नता स्तरीकरण	५०
४.६	खाद्यान्न सुरक्षा/आफ्नो कृषि उत्पादनले खान पुग्ने नपुग्ने अवस्था	५१
४.७	आवास तथा बसोबास संरचना	५२
४.८	भूकम्प अघिको घर र पुननिर्माणको अवस्था	५४
४.९	छानाको किसिम	५५
४.१०	घरको तला संख्या	५६
४.११	भौतिक वस्तुको प्रयोगको अवस्था	५६
४.१२	गरिवीको दर (गरिबीको रेखामुखी रहेको जनसंख्या)	५८
४.१३	आयात र निर्यातको अवस्था	५८
४.१४	औद्योगिक कच्चा पदार्थ	५९
४.१५	रोजगारीका लागि विदेश जानेहरुको संख्या, गएको देश तथा वार्षिक रेमिटेन्स रकम	५९
४.१६	भूस्वामित्वको अवस्था	५९
४.१७	किसिम अनुसार जग्गाको विवरण	६१
४.१८	जग्गा उपयोगको अवस्था	६२
४.१९	संचाई सुविधाको उपलब्धता	६३
४.२०	सिचाइका श्रोतहरु	६४
४.२१	कृषि उत्पादन सम्बन्धी विवरण	६५
४.२२	पशु र पशुजन्य उत्पादन सम्बन्धी विवरण	६५
४.२३	कृषिमा प्रविधिको प्रयोग	६६
४.२४	खाद्यान्न वालीमा लाग्ने रोग तथा किराहरुको विवरण	६७
४.२५	फलफूल तरकारीमा लाग्ने रोग कीराहरु	६८
४.२६	पशुपंक्षिमा लाग्ने रोग	६८

४.२७	कृषि तथा पशुपालनसँग सम्बन्धित समुहहरु	६९
४.२८	कृषि उपज सङ्कलन तथा चिस्यान केन्द्र	७३
४.२९	कृषि हाटबजार	७३
४.३०	प्रमुख पर्यटकीय स्थलहरु	७४
४.३१	होटल, रिर्सोट तथा रेष्टुरेन्टहरु	७६
४.३२	स्थानीय बजार तथा व्यापारिक केन्द्र	७७
४.३३	बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण	७९
४.३४	सहकारी सम्बन्धी विवरण	८०
४.३५	पारिवारिक वचत विवरण	८२
४.३६	पारिवारिक ऋृण तथा लगानीका क्षेत्र	८२

अध्याय ५ : सामाजिक अवस्था

५.१	साक्षरता	८५
५.२	फरक क्षमता भएकाहरुको साक्षरता अवस्था	८६
५.३	बिद्यालयको प्रकार अनुसार बिद्यालय जाने बालबालिका संख्या	८६
५.४	बालविकास केन्द्रमा जाने बालबालिका संख्या	८७
५.५	बिद्यालय नजाने बालबालिका	८८
५.६	बालबालिकाले बिद्यालय छोड्ने कारण	८९
५.७	गाँउपालिका भित्रका बिद्यालय विवरण	८९
५.८	तहगत शिक्षक दरबन्दी विवरण	९२
५.९	बिद्यालयको भौतिक अवस्था	९३
५.१०	स्वच्छता तथा सरसफाइ (वास) सुविधाको आधारमा बिद्यालय विवरण	९४
५.११	बालविकास केन्द्रहरु	९६
५.१२	स्वास्थ्य उपचार संस्था	९६
५.१३	दीर्घरोगीहरुको संख्या	९७
५.१४	विरामी अवस्था र उपचार स्थल	९७
५.१५	खोप विवरण	९८
५.१६	सुरक्षित मातृत्व	९९
५.१७	प्रसुती हुने स्थान	१००
५.१८	परिवार नियोजन साधन प्रयोगको अवस्था	१०१
५.१९	खानेपानीको श्रोत, दुरी र शुद्धीकरणको अवस्था	१०२
५.२०	शौचालय प्रयोग, हात धुने बानी तथा फोहोर मैला व्यवस्थापन	१०४
५.२१	वडागत वातावरण तथा सरसफाइको तथा फोहोरमैला व्यवस्थापन	१०५
५.२२	सार्वजनिक शौचालय	१०६
५.२३	लिंग अनुसार विवाह उमेर	१०६
५.२४	कुलतमा लागेका बालबालिका	१०७
५.२५	बालश्रमको अवस्था	१०७
५.२६	जिल्ला बाल कल्याण समितिमा दर्ता भएका बालक्लवहरु	१०८
५.२७	घरबारबिहीन बालबालिका	१०९
५.२८	सामाजिक सेवाहरुको उपलब्धताको अवस्था	१०९
५.२९	जनचेतनामूलक तालिममा सहभागिता	११०

शैलुङ गाउँपालिका : एक संक्षिप्त झलक

१. **नामाकरण र सीमाना** : दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट करीव २० किलोमीटर पश्चिमतर्फ अवस्थित शैलुङ गाउँपालिकालाई प्रसिद्ध महाभारत श्रृङ्खला शैलुङको नामबाट नामाकरण गरिएको छ । उक्त श्रृङ्खलाको थाप्लोमा सयवटा लुङ् (थुम्का) रहेकोले यस थुम्काको नाम सय लुङबाट शैलुङ भएको हो भन्ने पाइन्छ । शैलुङ गाउँपालिकाको पूर्वमा बैतेश्वर र तामाकोशी गाउँपालिका, उत्तरमा भीमेश्वर नगरपालिका, पश्चिममा सिन्धुपाल्चोक तथा रामेछाप जिल्ला तथा दक्षिणमा मेलुङ गाउँपालिका तथा रामेछाप जिल्ला पर्दछन् ।

२. **भौगोलिक अवस्थिति** : गाउँपालिका २७ डिग्री ३३ मिनेट उत्तरदेखि २७ डिग्रि ३५ मिनेट ४० सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्रि ५३ मिनेट पूर्वदेखि ८६ डिग्रि ३ मिनेट ४५ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको । गाउँपालिकाको जम्मा क्षेत्रफल १२८.६७ वर्ग किलोमीटर । खेतियोग्य जमीन ३८.७१ प्रतिशत र वनक्षेत्र ५४.१५ प्रतिशत । गाउँपालिकाको सबैभन्दा होचो भाग चरणावती ८२५ मीटर, सबैभन्दा अग्लो भाग शैलुङ थुम्की ३१५० मीटर । जमीनको औसत भिरालोपन ३१.७१ प्रतिशत ।

३. **जमीनको उपयोग** : खेतीयोग्य जमीन ३८.७१ प्रतिशत (४५६५.५ हेक्टर), वन क्षेत्र ५४.१५ प्रतिशत (६५५७.६ हेक्टर), आवासीय जमीन १.६५ प्रतिशत (२१७.४५ हेक्टर), बाँझो जमीन २.१६ प्रतिशत (२७७.२५ हेक्टर) र अन्य जमीन ३.२४ प्रतिशत (४१६.६५ हेक्टर)

४. **हावपानी** : समुद्र सतहदेखि २,१०० मिटरसम्मको उचाईमा न्यानो समशितोष्ण हावापानी छ भने २,१०० देखि ३,१५० मिटरसम्मको उचाइमा ठण्डा शितोष्ण हावापानी ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या ६०३६, महिला जनसंख्या १५३०५, पुरुष जनसंख्या १४६३० कूल जनसंख्या २५५३५ । ५ वर्ष मुनिको जनसंख्या २२८६ (७.६ प्रतिशत), १५ देखि ५५ वर्ष उमेर समुहको जनसंख्या १५१३८ (६४ प्रतिशत) र ६० वर्ष उमेर माथिको जनसंख्या ३४१५ (११.४ प्रतिशत) । जनघनत्व २३२.६५ प्रति वर्ग किमी । औसत परिवार आकार ४.५६

६. **सबैभन्दा ठूलो र सानो वडा** : जनसंख्याको दृष्टिले ठूलो वडा नं. ८ (जनसंख्या ५४५४), सानो वडा नं. ५ (जनसंख्या २४०६) भौगोलिक आधारमा ठूलो वडा नं. २ (क्षेत्रफल २४.१८ वकिमी) र सानो वडा नं. ५ (क्षेत्रफल ८.४३ वकिमी) ।

७. **जातिगत अवस्था** : जनजाति ५२ प्रतिशत, क्षेत्री ३६.४ प्रतिशत, दलित ६ प्रतिशत, ब्राम्हण ५.३ प्रतिशत ।

८. **मुख्य भाषा** : नेपाली ६५ प्रतिशत, तामाङ ३१ प्रतिशत

९. **मुख्य धर्म** : हिन्दू ६७ दशमलव ५ प्रतिशत, बौद्ध ३० दशमलव २ प्रतिशत, क्रिश्चियन २.३ प्रतिशत

१०. **मुख्य पेशा** : कृषि ६४ प्रतिशत, नोकरी (निजी तथा सरकारी) १४ प्रतिशत, मजदुरी २०.५ प्रतिशत, अन्य १.५ प्रतिशत ।

११. **खानेपानी उपलब्धता** : पाइपधारा ५५०५ परिवार (५१.२ प्रतिशत), ढुंगेधारा ४०६ परिवार (६.७३ प्रतिशत) र कुवा, कुलो तथा जरुवा १२५ परिवार (२.०७ प्रतिशत) ।

१२. **खानेपानी लिन लाग्ने दुरी** : घरमै धारा हुने ४७.०२ प्रतिशत, ५ मिनेटको दुरीमा हुने २५.२५ प्रतिशत, ५ देखि १५ मिनेटको दुरीमा हुने १५.६३ प्रतिशत र १५ मिनेटभन्दा बढीको दुरीमा धारा हुने ४.०६ प्रतिशत ।

१३. **सडक** : मुढे – मेलुङ सडक शैलुङ खण्ड २३.५ किलोमीटर, शैलुङ रिङरोड ७० किलोमीटर, गाउँपालिका केन्द्रबाट जिल्ला सदरमुकाम जोड्ने तीनवटा सडक ३४ किलोमीटर, गाउँपालिका केन्द्रबाट वडाकेन्द्र जोड्ने सडक ५१ किलोमीटर तथा वडा स्तरीय सडकहरु करीव २०० किलोमीटर ।

१४. **प्रमुख खोला नाला** : चरणावती खोला, अँधेरीखोला, फस्कुखोला, शैलुङखोला, ठेलाखोला, महभीर खोला, बोद्लेखोला, भुरुङ्गाखोला, ओख्रेखोला ।

१५. **प्रमुख पर्यटकीय स्थलहरु** : शैलुङ थुम्की, चरणावती त्रिवेणी धाम, शैलुङ्गेश्वरी महादेव मन्दिर, अन्य हिन्दू मन्दिरहरु, बौद्ध गुम्बाहरु, तामाङ संस्कृति, आलु उत्पादन केन्द्र ।

१६. **प्रमुख खाद्यान्न तथा नगदेबाली र वार्षिक उत्पादन** : धान १७६६० मुरी, मकै १४३५६ मुरी, गहुँ १०५७२ मुरी, कोदो १३६७८ मुरी । दलहन ३४२० केजी, तेलहन ८८१३ केजी, तरकारी २१५७०८ केजी, आलु ४१५६४६३ केजी, मसलाबाली ४५८५१ केजी तथा फलफूल १७०१८५ केजी ।

१७. **घरपालुवा गाइवस्तुको संख्याः** गाइगोरु ५४८७, राँगाभैंसी ६५६१, खसी बोका बाख्रा २४५८१, भेडा च्याङ्ग्रा १४६, सुँगुर बङ्गुर २१४ वटा ।

१८. **शिक्षणसंस्था** : सामुदायिक बिद्यालय ३६, संस्थागत बिद्यालय ३, क्याम्पस १, प्राविधिक स्कूल १

१५. **साक्षरता** : कूल साक्षरता ७५.६ प्रतिशत, पुरुष साक्षरता ८७.५ प्रतिशत, महिला साक्षरता ७१.६५ प्रतिशत ।

२०. **विद्युत् सेवा** : शत प्रतिशत (राष्ट्रिय प्रसारण लाइन) ।

२१. **शौचालय** : कच्ची तथा पक्की गरी शत प्रतिशत ।

२२. **कूल आय** : कूल ग्राहस्थ आम्दानी रु १ अरब ४५ करोड ५५ लाख ७५ हजार ५ सय मात्र । प्रति परिवार आय रु २५५०८४।०० प्रति व्यक्ति आय ५००५४।००

२३. **खाद्य सुरक्षा** : आफ्नो कृषि उत्पादनले ३ महिना मात्र खान पुग्ने १८.३५ प्रतिशत, ४ देखि ६ महिना खान पुग्ने २५.२ प्रतिशत, ७ देखि ५ महिना खान पुग्ने ४६.११ प्रतिशत, १२ महिना खान पुग्ने ६.५४ प्रतिशत तथा बेचविखन समेत गर्ने ३.३६ प्रतिशत ।

२४. **विदेश जानेको संख्या** : भारत ५८ जना, खाडीमुलुक ६३६ जना, मलेशिया ३५१ जना, अन्य मुलुक २८७ जना । वार्षिक प्राप्त हुने औसत विप्रेषण आय १२ करोड २५ लाख ।

२५. **वन समूह** : सामुदायिक वन समूह ६० वटा, कबुलियती वन समूह २३ वटा ।

२६. **खाना पकाउने इन्धनको श्रोत** : दाउरा ५८२२ परिवार, एलपि ग्यास २१४ परिवार ।

२७. **बैंक तथा सहकारी** : वाणिज्य बैंक १, लघुवित्त बैंक २, सहकारीहरु ५२, पशु पालन समुह ८, कृषि समुह ८७, कृषि उपज संकलन तथा चिस्यान केन्द्र ५

२८. **व्यवसायिक फर्महरु** : उद्योग बाणिज्य संघ बाघखोर शाखामा दर्ता भएका व्यवसायिक फर्महरुमा निर्माण व्यवसायी फर्म ११, मेडिकल २, ट्रेडर्स एण्ड सप्लायर्स २१, स्टेशनरी ३, कपडा तथा फेन्सी ५, इलेक्ट्रोनिक्स ३, किरानापसल ११, घरेलु उद्योग ४, खाद्य स्टोर्स ६, होटल तथा लजहरु ४ तथा अन्य १२ वटा ।

शैलुङबाट गौरिशंकर हेर्दा

देउराली बजार



हिउ पर्दाको शैलुङ

निर्माणधिन शैलुङ रङ्गशाला

संक्षिप्त वडा परिचय : वडा नं. १

१. **अवस्थिति र नामाकरण** : शैलुङ गाउँपालिकाको वडा नं. १ साविकको ताम्चेत दूधपोखरी गाविस हो । ताम्चेत दूधपोखरीको साविकको वडा नं २ मा ताम्चेत नामको बस्ती र साविककै वडा नं. ४ मा रहेको दूधपोखरीलाई जोडेर साविक गाविसको नाम ताम्चेत दूधपोखरी रहन गएको देखिन्छ । गाउँपालिकाको पश्चिम दक्षिणतर्फ अवस्थित यो वडा गाउँपालिकाको केन्द्रबाट करीव १२ किलोमीटरको दुरीमा छ ।

२. **सीमाना** : यस वडाको पूर्वमा शैलुङ गाउँपालिकाको वडा नं. ६ र ८, उत्तरमा शैलुङ गाउँपालिकाकै वडा नं. २ र ३, पश्चिममा सिन्धुपाल्चोक जिल्लाको लिसंखु गाउँपालिकाको ठूलो धादिङ तथा दक्षिणमा रामेछाप जिल्लाको दोरम्भा गाउँपालिकाको गौश्वारा पर्दछ ।

३. **क्षेत्रफल** : वडाको जम्मा क्षेत्रफल २१.४६ वर्ग किमी, वडाको सबैभन्दा होचो भाग ११५० मीटर र सबैभन्दा अग्लो भाग ३११३ मीटर । जमीनको औसत भिरालोपन ३१.७१ प्रतिशत ।

४. **वडा कार्यालय** : साविकको वडा नं.४ दूधपोखरी, आफ्नै कार्यालय भवन नभएको ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या ७५२, महिला जनसंख्या १५१५, पुरुष जनसंख्या १८१६ कूल जनसंख्या ३७३५

६. **प्रमुख जातजाति** : तमाङ, नेवार, मगर, कामी, गुरुङ ।

७. **सरकारी कार्यालय** : क. वडा कार्यालय ख. स्वास्थ्य चौकी ग. बिद्यालयहरु ५ वटा

८. **खानेपानी उपलब्धता** : पाइपधारा ६७७ परिवार (५० प्रतिशत), ढुंगेधारा र अन्य ७५ परिवार (१० प्रतिशत)

९. **सडक** : वडा कार्यालयबाट गाउँपालिका कार्यालयसम्म १२ किमी, वडाका अन्य सडकहरु करीव २१ कि.मी.।

१०. **प्रमुख खोला** : शैलुङखोला, ठेलाखोला, महभीर खोला ।

११. **मन्दिर तथा गुम्बाहरु** : टासीनोर्बु थर्पलिङ गुम्बा, टासी छ्योर्तेन गुम्बा, गणेश मन्दिर, कुण्डमाइ देवीथान मन्दिर, पाँचकन्या भगवती मन्दिर, चर्चघर ।

१२. **प्रमुख खाद्यान्न तथा नगदेबालीहरु** : मकै, कोदो, धान, गहुँ आलु, तरकारी तथा फलफूहरु ।

१३. शिक्षणसंस्था :

१३.१. कल्लाबारी मावि, कल्लाबारी

१३.२ दूधपोखरी आधार बिद्यालय, दूधपोखरी

१३.३. सरस्वती आधारभूत बिद्यालय

१३.४. कुण्ड आधारभूत बिद्यालय, गैरी

१३.५.बौद्ध आधारभूत बिद्यालय, मेहेले

१४. साक्षरता : कूल साक्षरता ७१.९ प्रतिशत, पुरुष साक्षरता ८५.३ प्रतिशत, महिला साक्षरता ५७.५ प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु २५६७२९ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह १० वटा, कबुलियती वन समूह ७ वटा ।

दुध पोखरी वस्ती

वडा कार्यालय

संक्षिप्त वडा परिचय : वडा नं. २

१. **अवस्थिति र नामाकरण** : शैलुङ गाउँपालिकाको वडा नं. २ साविकको भुषाफेदा गाविस हो । यस वडाको नामाकरण सम्बन्धमा साविकको वडा नं. ५ मा पर्ने पसलखोलामा 'भूषापात' जातको ठूलो बृक्ष थियो । पहिला काठमाडौ जाने आउने मूलबाटोमा पर्ने उक्त वृक्षको फेदमा बटुवा तथा भरियाहरु बास बस्दथे । यसरी बास कहाँ बसियो भनी बटुवा बटुवा वीच कुरा हुँदा भुषापातको फेदमा बास बसियो भन्ने गरिन्थ्यो । यसरी भुषापातको फेद भन्दा भन्दा पछि छोटोमा भुषाफेद भन्न थालियो । यही भुषाफेद शब्दबाट यस ठाँउको नाम भुषाफेदा रहन गयो । यो वडा गाउँपालिकाको केन्द्रबाट करीव ८ किलोमीटर पश्चिममा छ ।

२. **सीमाना** : यस वडाको पूर्वमा शैलुङ गाउँपालिकाको वडा नं. ३, उत्तरमा भीमेश्वर नगरपालिका वडा नं. ५ तथा सिन्धुपाल्चोकको अत्तरपुर, पश्चिममा सिन्धुपाल्चोक जिल्लाको लिसंखु गाउँपालिका तथा दक्षिणमा शैलुङ गाउँपालिका वडा नं. १ दूधपोखरी पर्दछ ।

३. **क्षेत्रफल** : वडाको जम्मा क्षेत्रफल २४.१८ वर्ग किमी । वडाको सबैभन्दा होचो भाग ११७५ मीटर र सबैभन्दा अग्लो भाग २८२४ मीटर । जमीनको औसत भिरालोपन ३०.३१ प्रतिशत । भूगोलको दृष्टिकोणबाट यो गाउँपालिकाकै सबैभन्दा ठूलो वडा हो ।

४. **वडा कार्यालय** : साविकको वडा नं.७ फेदा, आफ्नै कार्यालय भवन भएको ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या ६३२, महिला जनसंख्या १६२१, पुरुष जनसंख्या १५२६ कूल जनसंख्या ३१४७

६. **प्रमुख जातजाति** : तमाङ, नेवार, मगर, कामी, क्षेत्री ।

७. **सरकारी कार्यालय** : क. वडा कार्यालय ख. स्वास्थ्य चौकी ग. बिद्यालयहरु ५ वटा

८. **खानेपानी उपलब्धता** : पाइपधारा ५८४ परिवार (९२ प्रतिशत), ढुंगेधारा र अन्य ४८ परिवार (८ प्रतिशत)

९. **सडक** : वडा कार्यालयबाट गाउँपालिका कार्यालयसम्मको दुरी ८ किमी, वडाका अन्य सडक करीव २२ कि.मी.

१०. **प्रमुख खोला** : दोर्बाखोला, घट्टेखोला, महादेव खोला ।

११. **मन्दिर तथा गुम्बाहरु** : पाटाधोधुन थरपेलिङ गुम्बा, धर्म छोयलिङ गुम्बा, जारकाटे मन्दिर, गणेश मन्दिर, बौद्ध मन्दिर, पशुपति मन्दिर, भगवती मन्दिर ।

१२. प्रमुख खाद्यान्न तथा नगदेबालीहरु : मकै, कोदो, धान, गहुँ आलु, तरकारी तथा फलफूहरु ।

१३. शिक्षणसंस्था :

१३.१. ताप्केडाँडा आधारभूत बिद्यालय

१३.२ नवीन माध्यामिक बिद्यालय

१३.३. कमलामाई आधारभूत बिद्यालय

१३.४. माहिलीश्वरी आधारभूत बिद्यालय

१३.५.कालीभूमे आधारभूत बिद्यालय

१४. साक्षरताः कूल साक्षरता ६५.६ प्रतिशत, पुरुष साक्षरता ७८.८ प्रतिशत, महिला साक्षरता ५१.५ प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु २३२५८१ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह ५ वटा, कबुलियती वन समूह नभएको ।

वडा नं. २ को सुन्दर वस्ती

वडा कार्यालय रहेको फेदा गाउँ

संक्षिप्त वडा परिचय : वडा नं. ३

१. **अवस्थिति** : शैलुङ गाउँपालिकाको वडा नं. ३ साविकको मागापौवा गाविसको वडा नं. १ तथा काटाकुटी गाविसको वडा नं. १, २, ८ र ९ मिली बनाइएको हो । साविक काटाकुटी वडा नं. ८ बागखोर देउराली बजार यो वडाको केन्द्र हो । हाल गाउँपालिका कार्यालय समेत यही बजारमा अवस्थित छ । गाउँपालिका केन्द्र समेत यही वडाको फोक्टेमा प्रस्ताव गरिएको छ ।

२. **सीमाना** : यस वडाको पूर्वमा शैलुङ गाउँपालिकाको वडा नं. ५ काटाकुटी र वडा नं. ६ फस्कु, उत्तरमा शैलुङ गाउँ पालिकाकै वडा नं. ४ मागा र भीमेश्वर नगरपालिकाको वडा नं. ९, पश्चिममा वडा नं. २ भुषाफेदा तथा दक्षिणमा शैलुङ गाउँपालिकाकै वडा नं. १ दूधपोखरी पर्दछ ।

३. **क्षेत्रफल** : वडाको जम्मा क्षेत्रफल १५.६१ वर्ग किमी । वडाको सबैभन्दा होचो भाग १५५९ मीटर र सबैभन्दा अग्लो भाग २८२४ मीटर । जमीनको औसत भिरालोपन २४.२९ प्रतिशत ।

४. **वडा कार्यालय** : साविक काटाकुटी गाविसको वडा नं. ८ देउराली । आफ्नै वडा कार्यालय भवन नभएको ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या ७४०, महिला जनसंख्या १८१९, पुरुष जनसंख्या १७४७ कूल जनसंख्या ३५६६

६. **प्रमुख जातजाति** : तमाङ र नेवार ।

७. **सरकारी कार्यालय** : क) वडा कार्यालय ख) रेञ्जपोष्ट ग) कृषि सेवा केन्द्र घ) पशु सेवा केन्द्र
ङ) प्रहरी चौकी च) बिद्यालयहरु २ वटा

८. **खानेपानी उपलब्धता** : पाइपधारा ७०२ परिवार (९५ प्रतिशत), ढुंगेधारा र अन्य ३८ परिवार (५ प्रतिशत)

९. **सडक** : वडा कार्यालयबाट गाउँपालिका कार्यालय ० किमी, वडाका अन्य वडास्तरीय सडक २६ कि.मी. ।

१०. **प्रमुख खोला** : बोद्लेखोला, ठूलोखोला, भुरुङ्गाखोला, घट्टेखोला र भैंसेखोला ।

११. **मन्दिर तथा गुम्बाहरु** : टासीछोयलिङ उर्गेलिङ गुम्बा, भुरुङ्गा गुम्बा, ढुंगे गुम्बा, भूमेथान मन्दिर, काली भगवती मन्दिर, जुकेश्वरी मन्दिर ।

१२. **प्रमुख खाद्यान्न तथा नगदेबालीहरु** : मकै, कोदो, गहुँ, आलु, तरकारी तथा फलफूहरु ।

१३. **शिक्षणसंस्था** :

१३.१. कालीभुमे माध्यामिक बिद्यालय १३.२ मनमोहन आधारभूत बिद्यालय

१४. **साक्षरता** : कूल साक्षरता ८१.७ प्रतिशत, पुरुष साक्षरता ९१.० प्रतिशत, महिला साक्षरता ७३.० प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु २,८४,२५२ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह ८ वटा, कबुलियती वन समूह नभएको ।

वडा नं. ३ केन्द्र देउराली बजार

भुरुङ्ग वस्ती

संक्षिप्त वडा परिचय : वडा नं. ४

१. **अवस्थिति र नामाकरण** : शैलुङ गाउँपालिकाको वडा नं. ४ साविकको मागापौवा गाविसका वडा नं. २ देखि ९ सम्मको क्षेत्र हो । साविक मागापौवा गाविसको नामाकरण मागा र पौवा भन्ने फरक फरक गाउँबाट संयुक्त रुपमा मागापौवा भएको देखिन्छ । 'मागा' भन्ने नाम राणा प्रधानमन्त्री चन्द्रशम्सेरको पालामा यस क्षेत्रका ऊ बेलाका नामी कर्णेल फौदसिंहले राणा प्रधान्मन्त्रीसँग विर्ता मागेकोले सोही मागेको शब्दबाट मागा नाम रहन गएको भनाई छ । यो वडा गाउँपालिकाको केन्द्रबाट करीव ५ किलोमीटर उत्तरपूर्वमा पर्छ ।

२. **सीमाना** : यस वडाको पूर्वमा भीमेश्वर नगरपालिकाको वडा नं. ७ र ८ चर्णावती खोला, पश्चिममा शैलुङ गाउँपालिकाको वडा नं. ३, उत्तरमा भीमेश्वर नगरपालिकाको वडा नं ८ र ९ तथा दक्षिणमा शैलुङ गाउँपालिकाकै वडा नं. ३ र ५ काटाकुटी पर्दछ ।

३. **क्षेत्रफल** : वडाको जम्मा क्षेत्रफल १३.१९ वर्ग किमी, वडाको सबैभन्दा होचो भाग ११३३ मीटर र सबैभन्दा अग्लो भाग २३५३ मीटर । जमीनको औसत भिरालोपन २७.८४ प्रतिशत ।

४. **वडा कार्यालय** : साविकको वडा नं.३, कार्यालय भवन नभएको । अस्थायी टहरोमा कार्यालय सञ्चालन ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या १०१२, महिला जनसंख्या २५१२, पुरुष जनसंख्या २४४४ कूल जनसंख्या ४९५६

६. **प्रमुख जातजातिः** ब्राम्हण, क्षेत्री, तमाङ, नेवार, भुजेल कामी ।

७. **सरकारी कार्यालय** : क. वडा कार्यालय ख. स्वास्थ्य चौकी ग बिद्यालयहरु ६ वटा

८. **खानेपानी उपलब्धता** : पाइपधारा ९६६ परिवार (९५ प्रतिशत), ढुंगेधारा र अन्य ४६ परिवार (५ प्रतिशत)

९. **सडक** : वडा कार्यालयबाट गाउँपालिका कार्यालय ५ किमी, वडा स्तरीय सडक करीव ४० कि.मी. ।

१०. **प्रमुख खोला** : ओख्रेखोला, चर्णावतीखोला, घट्टेखोला, माइस्योङखोला ।

११. **मन्दिर तथा गुम्बाहरु** : उर्गेलिङ गुम्बा, कमला मँन्दिर, शिव मन्दिर, कृष्ण मन्दिर, हरिसिद्धि मन्दिर, कमलामाई मन्दिर, त्रिशुले महोदव मन्दिर ।

१२. **प्रमुख खाद्यान्न तथा नगदेबालीहरु** : मकै, कोदो, धान, गहुँ आलु, मौसमी तथा बेमौसमी, तरकारी तथा फलफूहरु ।

१३. **शिक्षण संस्था** :

१३.१. दुर्गा माध्यामिक बिद्यालयल

१३.२ पौवा माध्यामिक बिद्यालय

१३.३. कमलामाई आधारभूत बिद्यालय

१३.४. नमूना आधारभूत बिद्यालय

१३.५.पिपलडाँडा आधारभूत बिद्यालय

१३.६ सिद्धेश्वरी आधारभूत बिद्यालय

१४. **साक्षरताः** कूल साक्षरता ७५.०५ प्रतिशत, पुरुष साक्षरता ८७.८७ प्रतिशत, महिला साक्षरता ७०.६३ प्रतिशत।

१५. **विद्युत् सेवा** : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. **शौचालय** : शत प्रतिशत ।

१७. **औसत आय** : रु २३८२२० प्रति परिवार ।

१८. **वन समूह** : सामुदायिक वन समूह १० वटा, कबुलियती वन समूह नभएको ।

वडा कार्यालय

मागा वस्ती

संक्षिप्त वडा परिचय : वडा नं. ५

१. **अवस्थिति र नामाकरण** : शैलुङ गाउँपालिकाको वडा नं. ५ साविकको काटाकुटी गाविसको वडा नं ३ देखि ७ सम्मको क्षेत्र हो । काटाकुटीको नामकरणसँग सम्बन्धित किम्बदन्ती अनुसार खास काटाकुटी भनेर चिनिने बस्तीमा पहिले तामाङहरुको बसोबास रहेको थियो । उक्त ठाँउ बसोबासका लागि उपयुक्त भएकाले नजिकै रहेका क्षेत्रीहरु समेतले बसोबासका लागि आँखा गाढे । उक्त ठाँउमा को बस्ने भन्ने सवालमा झगडा भयो । उक्त झगडा अन्ततः तामाङको र क्षेत्रीहरुको घमासान युद्धको रुपमा परिणत भयो । युद्धमा तामाङहरु पराजित भए र यहाँबाट लखेटिई हाल वडा नं. ३ मा पर्ने भुरुङ्गा भन्ने स्थानतर्फ लागे । उक्त युद्धमा क्षेत्रीहरु र तामाङहरु वीच काटाकाट नै भएकोले काटाकाट भएको ठाँउलाई कालान्तरमा काटाकुटी भनिन थालियो । यो वडा गाउँपालिकाको केन्द्रबाट करीव ६ किलोमीटर पूर्वमा पर्दछ ।

२. **सीमाना**: यस वडाको पूर्वमा चर्णावती खोला भीमेश्वर नगरपालिका, उत्तरमा शैलुङ गाउँ पालिकाको वडा नं. ४ मागा, पश्चिममा शैलुङ गाउँपालिकाको वडा नं. ३ तथा दक्षिणमा शैलुङ गाउँपालिकाको वडा नं. ६ फस्कु पर्दछ ।

३. **क्षेत्रफल** : वडाको जम्मा क्षेत्रफल ८.४३ वर्ग किमी, वडाको सबैभन्दा होचो भाग १०२० मीटर र सबैभन्दा अग्लो भाग २१४३ मीटर । जमीनको औसत भिरालोपन २६.६१ प्रतिशत । यो वडा जनसंख्या तथा भूगोल दुवै दृष्टिले गाउँपालिकाकै सबैभन्दा सानो वडा हो ।

४. **वडा कार्यालय** : साविकको वडा नं.६ आफ्नै कार्यालय भवन नभएको । सामुदायिक भवनमा कार्यालय सञ्चालन गरिएको ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या ४८३, महिला जनसंख्या १२३९, पुरुष जनसंख्या ११६७ कूल जनसंख्या २४०६

६. **प्रमुख जातजाति** : ब्राम्हण क्षेत्री, तमाङ, कामी, दमाइ, भुजेल ।

७. **सरकारी कार्यालय** : क. वडा कार्यालय ख. स्वास्थ्य चौकी ग. बिद्यालयहरु २ वटा

८. **खानेपानी उपलब्धता** : पाइपधारा ४२६ परिवार (८८ प्रतिशत), ढुंगेधारा र अन्य ५७ परिवार (१२ प्रतिशत)

९. **सडक** : वडा कार्यालयबाट गाउँपालिका कार्यालय ५ किमी, वडा स्तरीय सडक करीव २० कि.मी.

१०. **प्रमुख खोला** : तीनधाराखोला, ओखरखोला, घट्टेखोला ।

११. **मन्दिर तथा गुम्बाहरु** : गोल्मेश्वर मन्दिर, शिव मन्दिर, भीमसेनथान मन्दिर, इन्द्रावती मन्दिर ।

१२. प्रमुख खाद्यान्न तथा नगदेबालीहरु : मकै, कोदो, धान, गहुँ आलु, तरकारी तथा फलफूहरु ।

१३. शिक्षण संस्था :

१३.१. वीरेन्द्र माध्यामिक बिद्यालय १३.२ जनकल्याण आधारभूत बिद्यालय

१४. साक्षरता : कूल साक्षरता ८५.२ प्रतिशत, पुरुष साक्षरता ५१.० प्रतिशत, महिला साक्षरता ७५.६ प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु २,५२,७५२ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह ३ वटा, कबुलियती वन समूह १५ वटा ।

वडा कार्यालय

काटाकुटी वस्ती

संक्षिप्त वडा परिचय : वडा नं. ६

१. **अवस्थिति र नामाकरण** : साविकको फस्कु गाविसको माथिल्लो क्षेत्र वडा नं. ६ देखि ५ सम्मको भूभागलाई मिलाएर शैलुङ गाउँपालिकाको वडा नं. ६ बनाइएको छ । पूर्वजहरुका अनुसार यस ठाउँको धेरैजसो क्षेत्रमा फस्को खालको ढुंगामाटो भएकोले यस ठाँउलाई शुरुमा फस्को भनियो र पछि सोही फस्कोबाट फस्कू हुन गएको हो भन्ने भनाइ रहेको छ । गाउँपालिका केन्द्रबाट दक्षिण पूर्वतर्फ अवस्थित यो वडा गाउँपालिकाको केन्द्रबाट करीव ८ किलोमीटरको दुरीमा छ ।

२. **सीमाना** : यस वडाको पूर्वमा शैलुङ गाउँपालिकाको वडा नं. ७ फस्कु, उत्तरमा शैलुङ गाउँपालिकाकै वडा नं. ५ काटाकुटी, पश्चिममा शैलुङकै वडा नं. १ दूधपोखरी र वडा नं. ३ देउराली तथा दक्षिणमा दूधपोखरी तथा वडा नं. ८ शैलुङ्गेश्वर पर्दछ ।

३. **क्षेत्रफल** : वडाको जम्मा क्षेत्रफल १३.६० वर्ग किमी, । वडाको सबैभन्दा होचो भाग १०२८ मीटर र सबैभन्दा अग्लो भाग २८३८ मीटर । जमीनको औसत भिरालोपन २५.२३ प्रतिशत ।

४. **वडा कार्यालय** : साविकको वडा नं. ७ चिलाउनेभित्ता । हाल आफ्नै कार्यालय भवन नभएको भाडाको घरमा सञ्चालित ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या ६१२, महिला जनसंख्या १५७०, पुरुष जनसंख्या १५०८ कूल जनसंख्या ३०७८

६. **प्रमुख जातजाति** : क्षेत्री, तमाङ, नेवार, मगर, कामी, दमाई ।

७. **सरकारी कार्यालय** : क. वडा कार्यालय ख. बिद्यालयहरु ३ वटा

८. **खानेपानी उपलब्धता** : पाइपधारा ५३२ परिवार (८७ प्रतिशत), ढुंगेधारा र अन्य ८० परिवार (१३ प्रतिशत)

९. **सडक** : वडा कार्यालयबाट गाउँपालिका कार्यालय ८ किमी, अन्य वडा स्तरीय सडक करीव १५ कि.मी. ।

१०. **प्रमुख खोला** : फस्कुखोला, अँधेरीखोला ।

११. **मन्दिर तथा गुम्बाहरु** : उर्गेन टासी छोयलिङ बौद्ध गुम्बा, खाँडादेवी मन्दिर, सेतीदेवी मन्दिर, कृष्ण मन्दिर, कालिञ्चोक मन्दिर, सेतीदेवी मन्दिर, महादेव मन्दिर, कालिकादेवी मन्दिर आदि ।

१२. **प्रमुख खाद्यान्न तथा नगदेबालीहरु** : मकै, कोदो, धान, गहुँ आलु, तरकारी तथा फलफूहरु ।

१३. शिक्षण संस्था :

१३.१. सञ्जीवनी आधारभूत बिद्यालयमा १३.२ सेतीदेवी आधारभूत बिद्यालय

१३.३. राष्ट्रिय आधारभूत बिद्यालय

१४. साक्षरता : कूल साक्षरता ८६.३ प्रतिशत, पुरुष साक्षरता ५१.१ प्रतिशत, महिला साक्षरता ८१.७ प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु ३२५५१५ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह ५ वटा, कबुलियती वन समूह नभएको ।

वडा कार्यालय

फस्कु वस्ती

संक्षिप्त वडा परिचय : वडा नं. ७

१. **अवस्थिति र नामाकरणः** साविकको फस्कु गाविसको तल्लो क्षेत्र वडा नं. १ देखि ५ सम्मको भूभागलाई मिलाएर शैलुङ गाउँपालिकाको वडा नं. ७ बनाइएको छ । पूर्वजहरुका अनुसार यस ठाउँको धेरैजसो क्षेत्रमा फस्को खालको ढुंगामाटो भएकोले यस ठाँउलाई शुरुमा फस्को भनियो र पछि सोही फस्कोबाट फस्कू हुन गएको हो भन्ने भनाइ रहेको छ । गाउँपालिका केन्द्रबाट पूर्वतर्फ अवस्थित यो वडा गाउँपालिकाको केन्द्रबाट करीव १३ किलोमीटरको दुरीमा छ ।

२. **सीमाना :** यस वडाको पूर्वमा भीमेश्वर नगरपालिका तथा बैतेश्वर गाउँपालिका, उत्तरमा भीमेश्वर नगरपालिका तथा शैलुङ गाउँपालिकाको वडा नं. ६, पश्चिममा शैलुङ गाउँपालिकाकै वडा नं. ६ तथा दक्षिणमा वडा नं. ८ शैलुङ्गेश्वर तथा मेलुङ गाउँपालिका वडा नं. १ पवटी पर्दछ ।

३. **क्षेत्रफल :** वडाको जम्मा क्षेत्रफल ५.६७ वर्ग किमी, वडाको सबैभन्दा होचो भाग ८२५ मीटर र सबैभन्दा अग्लो भाग १५८५ मीटर । जमीनको औसत भिरालोपन २३.८२ प्रतिशत । यो वडा भूगोलको दृष्टिबाट गाउँपालिकाको दोश्रो सबैभन्दा सानो वडा हो भने यही वडाको चरणावती गाउँपालिकाकै सबैभन्दा होचो भूभाग हो ।

४. **वडा कार्यालय :** हालको लागि साविकको वडा नं. ५ हेल्थपोष्ट भवनसँगै । स्थायी रुपमा भवन निर्माण स्थल परिवर्तन हुने ।

५. **परिवार तथा जनसंख्या :** कूल परिवार संख्या ७१०, महिला जनसंख्या १८२१, पुरुष जनसंख्या १७३२ कूल जनसंख्या ३५५३ ।

६. **प्रमुख जातजातिः** क्षेत्री, तमाङ, नेवार, भुजेल, कामी, ब्राम्हण ।

७. **सरकारी कार्यालय :** क. वडा कार्यालय ख.स्वास्थ्य चौकी ग. बिद्यालयहरु ३ वटा

८. **खानेपानी उपलब्धता :** पाइपधारा ६४२ परिवार (५० प्रतिशत), ढुंगेधारा र अन्य ६८ परिवार (१० प्रतिशत)

९. **सडक :** वडा कार्यालयबाट गाउँपालिका कार्यालय १३ किमी, वडा स्तरीय सडक करीव २० कि.मी.

१०. **प्रमुख खोला :** फस्कुखोला, अँधेरीखोला ।

११. **मन्दिर तथा गुम्बाहरु :** टाँसी छोयलिङ गुम्बा, चरणावती त्रिवेणीधाम, शिव मन्दिर, भद्रकाली मन्दिर, देवीथान मन्दिर, शक्तिश्वरी महादेव मन्दिर, गोल्मेथुम्का महादेव, सीताको चुल्हो ।

१२. **प्रमुख खाद्यान्न तथा नगदेबालीहरु :** मकै, कोदो, धान, गहुँ, आलु, तरकारी तथा फलफूहरु । सुन्तला क्षेत्र।

१३. शिक्षण संस्था :

१३.१. सञ्जीवनी आधारभूत बिद्यालयमा १३.२ सेतीदेवी आधारभूत बिद्यालय

१३.३. राष्ट्रिय आधारभूत बिद्यालय

१४. साक्षरता : कूल साक्षरताः ८२.० प्रतिशत, पुरुष साक्षरता ८९.८ प्रतिशत, महिला साक्षरता ७४.४ प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु २,७५,८९९ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह ६ वटा, कबुलियती वन समूह नभएको ।

वडा कार्यालय



हुलाक डाँडा वस्ती

संक्षिप्त वडा परिचय : वडा नं. ८

१. **अवस्थिति र नामाकरण** : साविकको शैलुङ्गेश्वर गाविस हालको शैलुङ गाउँपालिका वडा नं. ८ हो । साविकको गाविस तथा हालको गाउँपालिकाको नाम प्रसिद्ध महाभारत श्रृङ्खला शैलुङको नाममबाट राखिएको छ । उक्त श्रृङ्खलाको थाप्लोमा सयवटा लुङ् (थुम्का) रहेकोले यस थुम्काको नाम सय लुङबाट शैलुङ भएको हो भन्ने पाइन्छ । यी थुम्काहरु पर्यटकीय दृष्टिले अन्यन्त रमणीय रहेका छन् । यो थुम्काबाट रोल्वालिङ हिम श्रृङ्खलाका सबै हिमालहरु सिन्धुपाल्चोक, रामेछाप तथा काभ्रे जिल्लाको भूगोल अवलोकन गर्न सकिन्छ ।

२. **सीमाना**: यस वडाको पूर्वमा मेलुङ गाउँपालिकाको पवटी, उत्तरमा शैलुङ गाउँपालिकाको वडा नं. ६ र ७ फस्कु, पश्चिममा शैलुङ गाउँपालिकाकै वडा नं. १ दूधपोखरी तथा दक्षिणमा मेलुङ गाउँपालिकाको घ्याङसुकाठोकर ।

३. **क्षेत्रफल** : वडाको जम्मा क्षेत्रफल २१.३२ वर्ग किमी । वडाको सबैभन्दा होचो भाग १४०२ मीटर र सबैभन्दा अग्लो भाग ३१५० मीटर । यो गाउँपालिकाकै सबैभन्दा अग्लो शैलुङ थुम्की हो । जमीनको औसत भिरालोपन २५.६१ प्रतिशत ।

४. **वडा कार्यालय** : साविकको वडा नं.५ आफ्नै कार्यालय भवन भएको ।

५. **परिवार तथा जनसंख्या** : कूल परिवार संख्या १०९५ महिला जनसंख्या २८०४, पुरुष जनसंख्या २६९० कूल जनसंख्या ५४९४

६. **प्रमुख जातजाति**: क्षेत्री, तमाङ, नेवार, कामी, ब्राम्हण ।

७. **सरकारी कार्यालय** : क. वडा कार्यालय ख. स्वास्थ्य चौकी ग. प्रहरी चौकी घ. बिद्यालयहरु ५ वटा

८. **खानेपानी उपलब्धता** : पाइपधारा ६७७ परिवार (९० प्रतिशत), ढुंगेधारा र अन्य ७५ परिवार (१० प्रतिशत)

९. **सडक** : वडा कार्यालयबाट गाउँपालिका कार्यालय १२ किमी, वडा स्तरीय सडक करीव २१ कि.मी.

१०. **प्रमुख खोला** : अँधेरी खोला, घ्याङखोला ।

११. **मन्दिर तथा गुम्बाहरु** : शैलुङ्गेश्वर महादेव मन्दिर, फलामपोखरी मन्दिर, अग्लेश्वरी महादेव मन्दिर, गोलेको सिम महादेव मन्दिर ।

१२. **प्रमुख खाद्यान्न तथा नगदेबालीहरु** : मकै, कोदो, धान, गहुँ, आलु, तरकारी तथा फलफूहरु ।

१३. शिक्षण संस्था :

१३.१. जलधारा आधारभूत बिद्यालय

१३.२ चण्डिका आधारभूत बिद्यालय

१३.३. शारदा माध्यामिक बिद्यालय

१३.४. शैलुङ्गेश्वर आधारभूत बिद्यालय झोर

१३.५.कालपानी आधारभूत बिद्यालय

१३.६ महादेव आधारभूत बिद्यालय

१३.७ शैलुङ्गेश्वर शैलुङ्गेश्वर पैती

१३.८ शैलुङ्गेश्वरी शैलुङ्गेश्वर पाँडेखानी

१३.९ शैलुङ्गेश्वर शैलुङ्गेश्वर ढुङ्गे

१४. साक्षरता : कूल साक्षरता ८४.८ प्रतिशत, पुरुष साक्षरता ८८.४ प्रतिशत, महिला साक्षरता ८१.५ प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु २,३८,२८१ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह १० वटा, कबुलियती वन समूह नभएको ।

भैंसे बजार

वडा कार्यालय

१३. शिक्षण संस्था :

१३.१. जलधारा आधारभूत बिद्यालय

१३.२ चण्डिका आधारभूत बिद्यालय

१३.३. शारदा माध्यामिक बिद्यालय

१३.४. शैलुङ्गेश्वर आधारभूत बिद्यालय झोर

१३.५.कालपानी आधारभूत बिद्यालय

१३.६ महादेव आधारभूत बिद्यालय

१३.७ शैलुङ्गेश्वर शैलुङ्गेश्वर पैती

१३.८ शैलुङ्गेश्वरी शैलुङ्गेश्वर पाँडेखानी

१३.९ शैलुङ्गेश्वर शैलुङ्गेश्वर ढुङ्गे

१४. साक्षरता : कूल साक्षरता ८४.८ प्रतिशत, पुरुष साक्षरता ८८.४ प्रतिशत, महिला साक्षरता ८१.५ प्रतिशत ।

१५. विद्युत् सेवा : उपलब्ध घरधुरी सबै (राष्ट्रिय प्रसारण लाइन) ।

१६. शौचालय : शत प्रतिशत ।

१७. औसत आय : रु २,३८,२८१ प्रति परिवार ।

१८. वन समूह : सामुदायिक वन समूह १० वटा, कबुलियती वन समूह नभएको ।

अध्याय एक : परिचय

१.१ पृष्ठभूमि

नेपाली जनताको निरन्तरको आन्दोलन तथा असंख्य जनताको बलिदानीपछि प्राप्त नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तीको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । सोही संविधानको अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय तहको अधिकारको सूचीमा स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन सम्बन्धी अधिकार स्थानीय तहलाई छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, सम्भाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्य क्षेत्र भनी उल्लेख गरिएको छ।

यस अवस्थामा पुन संरचना गरिएका गाउँपालिकाहरुको वस्तुनिष्ठ योजना तयारीका लागि घरधुरी स्तरको तथ्याङ्क र सूचनाहरु अद्यावधिक गर्दै उपलब्ध प्राथमिक तथा द्वितीयक सूचना र तथ्याङ्कहरुको आधारमा नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराईएको ढाँचामा यो वस्तुगगत विवरण ५एचयाष्भि० तयार गरिएको छ । गाउँपालिकाको वस्तुगत अवस्थाले सङ्केत गरेका सूचकाङ्कका आधारमा आगामी दिनमा गाउँपालिकाको वार्षिक तथा आवधिक योजना तयार गर्न आधार तयार हुनेछ । यसै तथ्यलाई दृष्टिगत गरी यस शैलुङ गाउँपालिकामा २०७४ मा निर्वाचित स्थानीय सरकारले यो गाउँ वस्तुगत विवरण तयार गरेको छ ।

१.२ उद्देश्य

स्थानीय तहले आफ्ना विकास आयोजनाहरु प्रभावकारी रुपमा छनौट तथा प्राथमिकीकरण गर्न तथ्याङ्क तथा सूचनाको जरुरी पर्दछ । गाउँपालिकालाई आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरुको सङ्कलन, विश्लेषण तथा ती तथ्याङ्कको विश्लेषणबाट प्राप्त हुने सूचनालाई विकास प्रकृयामा उपयोग गर्नु नै गाउँ वस्तुगत विवरणको प्रमुख उद्देश्य हो । यसका अतिरिक्त गाउँ वस्तुगत विवरणका अन्य उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

- विषय र क्षेत्रगत स्थिति सहित गाउँ वस्तुगत विवरण तयारी गर्नु ।
- गाउँपालिकाको वास्तविक र सही सूचना सङ्कलन तथा व्यवस्थापन गरी गाउँपालिकालाई सूचनाले सम्पन्न बनाउनु ।
- तथ्याङ्क र सूचनाको आधारमा गाउँपालिका तहमा विकास योजना तर्जुमा गर्ने प्रक्रियालाई संस्थागत गर्न सहयोग पुऱ्याउनु ।
- गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्थाको सूचना/ तथ्याङ्कलाई गाउँपालिका तहमा व्यवस्थित गर्नु ।
- गाउँपालिकाभित्र रहेका पर्यटकीय, ऐतिहासिक तथा पुरातात्विक महत्वका सांस्कृतिक सम्पदा र प्राकृतिक श्रोतको पहिचान गर्नु ।
- गाउँपालिका भित्रका प्राकृतिक स्रोत, साधन र अवस्थाको चित्रण गर्नु ।
- गाउँपालिकालाई क्रमश स्थानीय तहको सूचना बैंकको रूपमा स्थापित गर्दै लैजानु ।

- गाउँपालिका तहमा विकास निर्माण तथा सामाजिक गतिविधिको क्षेत्रमा नयाँ सम्भावना, अवसर तथा चुनौतीहरूको पहिचान गर्नु ।
- गाउँपालिकाका बिभिन्न अवस्थाका बारेमा अध्ययन गर्ने, अनुसन्धान गर्ने व्यक्ति तथा संस्थाहरुलाई आवश्यक सूचना उपलब्ध गराउनु ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण गर्नु ।

१.३ गाउँ वस्तुगत विवरणका कानुनी तथा नीतिगत आधारहरु

गाउँपालिकाले यो दस्तावेज तयार गर्दा नेपालको संविधान लगायत अन्य कानूनी तथा नीतिगत आधारलाई मार्गदर्शनका रुपमा लिइएको छ । गाउँपालिकाले लिएका कानूनी तथा नीतिगत आधारहरु निम्न अनुसार छन् :

१.३.१ नेपालको संविधान

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ ।

१.३.२ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदन

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरणले स्थानीय तहलाई आफ्नो क्षेत्रमा तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्क सहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहेको कुरा उल्लेख गरेको छ ।

१.३.३ स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४

स्थानीय तहको शासन सञ्चालन सम्बन्धी विधेयक छलफलको प्रक्रियामा रहेको अवस्थामा तत्काल स्थानीय तहको शासन सञ्चालन तथा व्यवस्थापनको लागि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ जेठ २ गतेको निर्णय अनुसार स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ जारी भएको थियो । उक्त आदेशमा जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखनलाई गाउँपालिका वा नगरगाउँपालिकाको काम कर्तव्य र अधिकार भनी उल्लेख गरिएको छ।

१.३.४ स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन नबनेको अवस्थामा स्थानीय तहको लागि वार्षिक बजेट तथा योजना तर्जुमा गर्न बनाइएको ***स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४*** को दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले गर्नु पर्ने र योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण ५एचयाष्भि० तयार गर्नु पर्ने छ" भन्ने व्यवस्था रहेको छ ।

१.३.५ स्थानीय सरकार सञ्चालन ऐनः २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ड को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२), (३), (४) र (५) मा वेरोजगारको तथ्याङ्क सङ्कलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को ख मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था रहेको छ ।

१.४ तयारीका चरण

शैलुङ गाउँपालिकाको वस्तुगत विवरण तयारी गर्ने गाउँपालिकाको निर्णय भएपछि यसका लागि डिभलपमेन्ट रिसर्च प्लानिङ कन्सल्टेन्सीले परामर्श सेवा उपलब्ध गराउने गरी सहमती भएपछि उक्त सहयोगी संस्थाको प्राविधिक सहयोगमा वस्तुगत विवरण तयारीका लागि देहायका चरणहरु पूरा गरी यो वस्तुगत विवरण तयारी गरिएको छ ।

१.४.१ वस्तुगत विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी

गाउँपालिकाको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने विवरण तयार गर्न सर्वप्रथम प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने घरपरिवार सर्वेक्षण ढाँचा तयार गरियो । यसैगरी विषयगत कार्यालय, अन्य सामाजिक तथा शैक्षिक संस्था, स्वास्थ्य, वैंक, औद्योगिक तथा व्यवसायिक प्रतिष्ठान आदिबाट द्वितीयक तथ्याङ्क सङ्कलन गर्न संस्थागत सर्वेक्षण फारम तयार गरियो । घरपरिवार सर्भेक्षण गर्ने काम फारम मार्फत नभई मोबाइल एप्स मार्फत सङ्कलन गर्ने गरी सफ्टवेयर र सो अनुसारको मोबाइल एप्स तयार गरियो । एप्स मार्फत संकलन गरिएका तथ्याङ्क फिल्डबाट सिधै सफ्टवेयरमा अपलोड गर्न सकिने व्यवस्था गरियो । गाउँपालिका क्षेत्रमा भएका प्राकृतिक श्रोतहरु, भौतिक पूर्वाधारहरु, सडक सञ्जाल आदिको विवरण लिई नक्सामा उतार गरियो । यसरी तयार गरिएका ढाँचा, औजार तथा तथ्याङ्क सङ्कलन गर्ने कार्यविधि तथा तरिकाका सम्बन्धमा शुरुदेखि नै गाउँपालिकासँग आवश्यक समन्वय गरी अन्तिम रुप प्रदान गरियो ।

१.४.२ वस्तुगत विवरण तयारी कार्यशाला

पारिवारिक तथा संस्थागत तथ्याङ्क सङ्कलन फारम तयार भएपछि उक्त फारमका सम्बन्धमा आवश्यक छलफल गर्न तथा वस्तुगत विवरणको समग्र प्रकृयाका बारेमा छलफल गर्न गाउँपालिकाका सबै निर्वाचित पदाधिकारीहरुको उपस्थितिमा वस्तुगत विवरण तयारी कार्यशाला आयोजना गरियो । कार्यशालामा वस्तुगत विवरणको आवश्यकता र औचित्य सहित तथ्याङ्क सङ्कलन फारममा आवश्यक थपघट गरी अन्तिम रुप प्रदान गरियो ।

१.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

पारिवारिक तथा संस्थागत तथ्याङ्क मोबाइल एप्स मार्फत सङ्कलन गर्नका लागि गाउँपालिकाका सम्बन्धित वडा अध्यक्षज्यूहरुसँगको समन्वयमा सबै वडामा खटाइने गणकहरु छनौट गरियो । ती गणकहरुलाई तथ्याङ्क सङ्कलनको उद्देश्य, प्रकृया र ढाँचाका बारेमा अभिमुखीकरण गर्न दुई दिने अभिमुखीकरण आयोजना गरियो । साथै द्वितीयक तथ्याङ्क सङ्कलनका लागि समेत आवश्यक अभिमुखीकरण गरी फिल्ड संयोजक परिचालन गरियो ।

१.४.४ तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन गर्नका लागि खटिएका गणकहरुबाट गाउँपालिकाका सबै वडामा तथ्याङ्क सङ्कलन गर्ने काम भयो । गणकहरुलाई कुनै कुरा थप प्रष्ट पार्नका लागि सहयोगी संस्थाका तर्फबाट फिल्ड सुपरभाइजरको व्यवस्था गरियो । द्वितीयक तथ्याङ्क सङ्कलन गर्ने प्रतिनिधि समेतलाई आवश्यक अनुगमन गरी तथ्याङ्क सङ्कलन गर्ने काम भयो । गाउँपालिकाको सिङ्गो प्रोफाइल बिद्युतीय होस् र सबै व्यक्तिगत सूचनाहरु गाउँपालिकाको कार्यालयबाटै हेर्न तथा आवश्यकता अनुसार अद्यावधिक गर्न सकियोस् भन्ने उद्देश्य रहेको कारण तथ्याङ्क सङ्कलनका लागि आवश्यक प्रोगामिङ पनि गरिएको थियो ।

१.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्शा तयारी

सङ्कलन गरिएका तथ्याङ्कहरु सफ्टवेयर मार्फत तालिकीकरण गरियो । तालिका तयार भएपछि उक्त तालिकाको प्रशोधन तथा विज्ञको सहयोगमा सामान्य विश्लेषण गरियो । साथै भागोलिक सूचना पद्धती (न्क्क) विज्ञको सहयोगमा गाउँपालिका भित्रका प्राकृतिक तथा भौतिक श्रोतहरु समावेश भएको श्रोत नक्सा समेत तयार गरियो ।

१.४.६ वस्तुगत विवरणको मस्यौदा तयारी

घरधुरी सर्भेक्षण तथा द्वितीयक दुवै श्रोतबाट प्राप्त सबै सूचनाहरु विश्लेषण भएपछि यसलाई स्थानीय विकास मन्त्रालयबाट स्वीकृत गाउँ वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ को ढाँचामा वस्तुगत विवरणको प्रारम्भिक लेखन गरी पहिलो मस्यौदा तयार गरियो ।

१.४.७ वस्तुगत विवरण सुझाव सङ्कलन

प्रारम्भिक मस्यौदा तयार भएपछि उक्त मस्यौदा उपर सुझाव सङ्कलन गर्नका लागि गाउँपालिकाको बैठकमा प्रस्तुत गरियो । उक्त बैठकमा निर्वाचित पदाधिकारीका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृत, विषयगत इकाइका प्रमुख तथा प्रतिनिधिहरु अन्य सरोकारवालाहरुबाट सुझाव तथा आवश्यक थपघट गरियो ।

१.४.८ गाउँ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

सुझाव कार्यशालाबाट आएका सुझाव समेतलाई एकीकृत गरी गाउँ वस्तुगत विवरणको अन्तिम मस्यौदा प्रतिवेदन तयार गरियो ।

१.५ वस्तुगत विवरणको सीमा

क) यो वस्तुगत विवरण तयारी गर्दा मुख्यत स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँपालिकाको काम, कर्तव्य र अधिकारभित्र रही योजना तर्जुमासँग सम्बन्धित प्रश्नावली प्रयोग गरिएकोले यस प्रयोजनभन्दा बाहेकका कतिपय पारिवारिक तथ्याङ्कमा समेट्नुपर्ने प्रश्नावलीहरु समेटिएको छैन ।

ख) गरीवी मापन (Poverty Mapping) सम्बन्धी सूचनाहरुहरुको लागि निश्चित मापदण्ड वा आधिकारिक सूचकहरुको पहिचान नगरिएको हुँदा त्यससँग सम्बन्धित अलग्गै सूचकहरू समेटिएको छैन ।

ख) वस्तुगत विवरण समावेश गर्नुपर्ने कतिपय द्वितीयक तथ्याङ्कहरु सम्बन्धित विषयगत कार्यालयहरुमै नभएको कारण त्यस्ता तथ्याङ्कहरु समावेश गर्न सकिएन ।

घ) सङ्कलन गरिएका द्वितीयक तथ्याङ्क कुनै केही वर्ष अघिका र कुनै तथ्याङ्क केही वर्ष पछिका हुनुले द्वितीयक तथ्याङ्क सङ्कलनमा एकरूपता हुन सकेन ।

ङ) यो विवरण तयार गर्ने काम एक प्राविधिक कार्य भएकोले यसको लागि निम्न, मध्यमदेखि विज्ञसम्मका जनशक्तिहरूको आवश्यकता अनुभव गरियो । घरधुरी सर्भेक्षणका लागि फारमको सट्टा मोबाइल एप्स

प्रयोग गरिएकोमा उक्त एप्स प्रयोगका लागि मध्यमस्तरको सक्षम जनशक्तिको आवश्यकता महसुस गरियो ।

च) सोही एप्स तयार गर्न तथा एप्स प्रयोग गरी तथ्याङ्क सङकलन गर्ने जनशक्ति निरन्तर परिवर्तन भइरहँदा समयमा काम सम्पन्न गर्न कठिनाइ भयो । तोकिएको अवधिभन्दा केही ढिलो मात्र यो दस्तावेज तयार गर्न सकियो ।

छ) पारिवारिक तथ्याङ्क सङ्कलन गर्ने सिलसिलामा वडा कार्यालयबाट खटिई गएका गणकहरूलाई कतिपय घरधुरीहरुबाट यथार्थ सूचना लिन कठीन भयो ।

ज) एउटै संस्था वा निकायमा पनि कतिपय द्वितीयक तथ्याङ्क लिनको लागि पटक पटक गरी धेरैपटक धाउनुपर्ने अवस्था भयो ।

अध्याय २ : गाउँपालिकाको संक्षिप्त चिनारी

२.१ भौगोलिक अवस्थिति

शैलुङ गाउँपालिका संघीय नेपालको प्रदेश नम्बर तीन अन्तर्गत दोलखा जिल्लाको पश्चिमतर्फ अवस्थित छ । साविकका ताम्चेत दूधपोखरी, भुषाफेदा, मागापौवा, काटाकुटी, फस्कू तथा शैलुङ्गेश्वर गरी छ वटा गाउँ विकास समितिलाई मिलाएर शैलुङ गाउँपालिका बनाइएको हो । ८ वटा वडामा बिभाजन गरिएको यस गाउँपालिकाको साविकको ताम्चेत दूधपोखरी गाविसलाई वडा नं. १, भुषाफेदा गाविसलाई वडा नं. २, मागापौवा गाविसको वडा नं. १ तथा काटाकुटी गाविसको वडा नं. १, २, ८ र ९ वडालाई वडा नं. ३, मागापौवाको वडा नं. २ देखि ९ लाई वडा नं. ४, काटाकुटीको वडा नं ३ देखि ७ लाई वडा नं ५, फस्कु गाविसको वडा नं. ६, ७, ८ र ९ लाई वडा नं ६, फस्कुकै वडा नं १ देखि ५ लाई वडा नं ७ तथा शैलुङ्गेश्वर गाविसलाई वडा नं. ८ कायम गरिएको छ ।

२७ डिग्री ३३ मिनेट उत्तरदेखि २७ डिग्री ३९ मिनेट ४० सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ५३ मिनेट पूर्वदेखि ८६ डिग्री ३ मिनेट ४५ सेकेण्ड पूर्वी देशान्तरसम्म अवस्थित यो गाउँपालिका समुद्री सतहको करीव ८२५ मीटरदेखि देखि झण्डै ३१५० मीटरसम्मको उचाइमा अवस्थित रहेको छ । गाउँपालिकाको कूल क्षेत्रफल १२८.६७ वर्गकिमी छ भने नापी विभाग/जिल्ला नापी कार्यालयको अभिलेख अनुसार गाविसको कूल क्षेत्रफल करीव १२८५५ हेक्टर रहेको छ । जिल्ला वन कार्यालयको अभिलेख अनुसार यस गाउँपालिकाको कुल वनक्षेत्रमध्ये करीव ३४५० हेक्टर वनक्षेत्र समूह गठन गरी उपभोक्ता समूहलाई हस्तान्तरण गरीसकिएको छ । अधिकांश जमीन पाखो, भीर तथा वन जंगल र केही थोरै जमीन मात्र खेतीयोग्य भूमि रहेको गाउँपालिकामा बस्ती भने छरिएर रहेको अवस्थामा छन् ।

यस गाउँपालिकाको पूर्वमा बैतेश्वर र तामाकोशी गाउँपालिका, पश्चिममा सिन्धुपाल्चोक र रामेछाप जिल्ला, उत्तरतर्फ भीमेश्वर नगरपालिका तथा दक्षिणतर्फ मेलुङ गाउँपालिका तथा रामेछाप जिल्ला पर्दछन् ।

२.२ ऐतिहासिक चिनारी तथा नामाकरण

शैलुङ गाउँपालिका दोलखा जिल्लाको एक ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय महत्व बोकेको गाउँपालिका हो । बौद्ध, हिन्दु र बोन धर्मवालम्बीहरुको आस्थाका केन्द्रको रुपमा चिरपरिचित शैलुङ पर्वतको नामबाट गाउँपालिकाको नामाकरण भएको हो । शैलुङ सम्बन्धमा स्थानीयहरुमा विभिन्न किम्बदन्तीहरु प्रचलनमा रहेका छन् । किम्बदन्ती अनुसार प्रथम बुद्ध साङगे म्हामोर्चेले ज्ञान दिएको हुनाले पहिले यस पर्वतलाई साङ्गेलुङ भनिन्थ्यो । पछि साङ्गेलुङबाट अपभ्रंश हुँदै शैलुङ रहन गयो ।

शैलुङ गाउँपालिका संघीय नेपालको प्रदेश नम्बर तीन अन्तर्गत दोलखा जिल्लाको पश्चिमतर्फ अवस्थित गाउँपालिका हो । साविकका ताम्चेत दूधपोखरी, भुषाफेदा, मागापौवा, काटाकुटी, फस्कु तथा शैलुङेश्वर गरी छ वटा गाउँपालिकालाई ८ वटा वडामा मिलाएर शैलुङ गाउँपालिका बनाइएको हो । गाउँपालिका २७ डिग्री ३३ मिनेट उत्तरदेखि २७ डिग्रि ३९ मिनेट ४० सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्रि ५३ मिनेट पूर्वदेखि ८६ डिग्रि ३ मिनेट ४५ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। गाउँपालिकाको जम्मा क्षेत्रफल १२८.६७ वर्ग किलोमीटर रहेको छ । खेतियोग्य जमीन ३८.७१ प्रतिशत र वनक्षेत्र ५४.१९ प्रतिशत छ भने गाउँपालिकाको सबैभन्दा होचो भाग चरणावती ८२५ मीटर, सबैभन्दा अग्लो भाग शैलुङ थुम्की ३१५० मीटर रहेको छ । जमीनको औसत भिरालोपन ३१.७१ प्रतिशत । घरधुरी सर्वेक्षण २०७५ को रेकडअनुसार गाउँपालिकाको कुल घरधुरी ६०३६ र जनसंख्या २९९३५ रहेको छ । गाउँपालिकामा खेतियोग्य जमीन, वनजंगल र पानीका श्रोत नै प्रमुख प्राकृतिक सम्पदाहरु हुन् । वन क्षेत्रमा १०० भन्दा धेरै प्रकारका दुर्लभ तथा महत्वपूर्ण जडीबुटी उपलब्ध छन् । शैलुङबाट वार्षिक ५ हजार टन आलु निर्यात हुन्छ । यसैगरी करीव एक हजार टन तरकारी, काठ तथा जडीबुटी निकासी हुन्छ । तामाङ संस्कृति, प्रसिद्ध शैलुङेश्वर महादेव, प्रसिद्ध चर्णावती त्रिवेणी घाट बिभिन्न बौद्ध चैत्य तथा गुम्बाहरु, मन्दिर जात्रा मेलाहरु गाउँपालिकाका ऐतिहासिक तथा सांस्कृतिक उत्कृष्टता हुन् । कृषि,पर्यटन तथा प्राकृतिक श्रोतहरु नै शैलुङ गाउँपालिकालाई समृद्ध बनाउने आधारहरु हुन् । गाउँपालिकाको विस्तृत परिचय वस्तुगत विरणमा समावेश गरिएको छ ।

१.६ आवधिक योजनाको प्राथमिकता

आवधिक योजनाले सुदृढ अर्थतन्त्र र पुर्वाधारको माध्यमबाट समृद्धि हासिल गर्ने लक्ष्यलाई प्राथमिकता दिएको छ। सुदृढ अर्थतन्त्र अन्तर्गत कृषि तथा पशुपंक्षीपालन व्यवसाय र पर्यटन प्रवर्द्धन प्रमुख रहेको छ भने सुदृढ पूर्वाधारतर्फ गाउँपालिकाको यातायात मेरुदण्ड रहेको मुढे मेलुङ सडकको पूर्ण स्तरोन्नति गरी यातायात सञ्चालन गर्ने लक्ष्य रहेको छ । बजेटको हिसाबले योजनाहरुलाई कार्यान्वयनको सम्भाव्यता, समृद्धिउन्मुख नतीजाको व्यापकता, वातावरणमैत्री र सरकारी प्राथमिकताको आधारमा पहिलो, दोस्रो र तेस्रो गरी ३ स्तरमा प्राथमिकीकरण गरिएको छ । विस्तृत विवरण अध्याय ३ मा समावेश छ ।

अध्याय २: स्थिति नक्सांकन

२.१ गाउँपालिकाको विकास सूचकहरु

गाउँपालिकाको विकासलाई प्रभाव पार्ने सूचकहरुलाई हेर्दा शिक्षा, स्वास्थ्य तथा सरसफाइ, पेशा, रोजगारी, दक्षता, जमीनको पहुँच, खानेपानी तथा सरसफाइको पहुँच, सुरक्षित आवास जस्ता विषयहरु प्रमुख रुपमा रहेका छन् । यी विषयहरुमध्ये शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी, आवास आदिको पहुँच तुलनात्मक रुपमा राम्रो नै देखिए तापनि आयआर्जनको हिसाबले रोजगारी तथा दक्षताको क्षेत्र कमजोर देखिन्छ । यिनै अवस्थाको सुधारलाई केन्द्रित गरी आवधिक योजनाका रणनीति तथा कार्यक्रमहरु तय गरिएको छ । स्थिति सारांश तालिका १ मा प्रस्तुत छ ।

तालिका १: गाउँपालिकाको वस्तुगत विवरण सारांश

क्र. स.	सूचकहरु	एकाइ	सूचक अंक
१	**परिवार तथा जनसंख्या**		
क	जम्मा घरधुरी	संख्या	६०३६
ख	जम्मा जनसंख्या	जना	२९९३५
ग	आर्थिक रुपमा सक्रिय जनसंख्या	प्रतिशत	६४
२	**प्राकृतकि स्रोत**		
क	खेतीयोग्य जमीन	प्रतिशत	३८.७१
ख	वनक्षेत्र	प्रतिशत	५४.१९
३	**मुख्य पेशा**		
क	कृषि तथा पशुपालन	प्रतिशत	६४
ख	मजदुरी	प्रतिशत	२०.५
४	**व्यवसायिक दक्षता**		
क.	विभिन्न दक्षता भएका व्यक्तिहरु (२० प्रकार)	जना	१३५०
ख	डकर्मी/सिकर्मी	प्रतिशत	५३
ग	सिलाइ बुनाइ	प्रतिशत	१३
५	**शिक्षा**		
क	५ वर्षमाथिका कुल साक्षरता	प्रतिशत	७९.६
ख	महिला साक्षारता	प्रतिशत	७१.६५
ग	शिक्षक विद्यार्थी अनुपात	अनुपात	३२.१
६	**स्वास्थ्य सेवा**		
क	शौचालयको पहुँच पुगेको घरधुरी	प्रतिशत	९८
ख	खोप पूरा गर्ने बालबालिका	प्रतिशत	८६
ग	नियमित स्वास्थ्य परीक्षण गर्ने गर्भवती महिलाको संख्या	प्रतिशत	९७
७	**आवास तथा पूर्वाधारको पहुँच**		
क	खानेपानीको पहुँच पुगेको घरधुरी (पाइपधारा)	प्रतिशत	९१.२
ख	विद्युतको पहुँच पुगेको घरधुरी (राष्ट्रिय प्रशारण लाइन)	प्रतिशत	१००
ग	पुनर्निर्माण सम्पन्न भएको घरधुरी	प्रतिशत	७९

स्रोतः घरधुरी सर्वेक्षण, २०७५

२.२ मानव विकास तथा गरीबी सूचकांक

प्रदेश न.. ३ को प्रदेशको वस्तुस्थिति विवरण २०७५ अनुसार औसत आयु, वयस्क साक्षारता, विद्यालयको औसत वर्ष र प्रतिव्यक्ति आयको जोडबाट निकालिएको मानव विकास सूचकांकमा नेपालको ०.४९०, प्रदेश ३ को ०.५५८ र दोलखा जिल्लाको ०.४५९ रहेको छ । यसको अर्थ देशभन्दा प्रदेशको अवस्था राम्रो र जिल्लाको अवस्था देशको औसतभन्दा कम देखिन्छ । यसैगरी ४० वर्ष नपुग्दै मृत्यु हुने जनसंख्याको प्रतिशत, वयस्क निरक्षता प्रतिशत, शुद्ध खानेपानीबाट बञ्चित जनसंख्याको प्रतिशत र पाँच वर्ष उमेरमुनिका बच्चाहरको कुपोषण प्रतिशत जोडी निकालिएको मानव गरीबी सूचकांकमा दोलखा जिल्ला ३५.७० छ जुन राष्ट्रिय र प्रदेश औसतभन्दा कम हो ।

गाउँपालिकाको मानव विकास तथा गरीबी सूचकांक निकाल्ने सम्बन्धमा सबै सूचकहरुको अद्यावधिक तथ्यांक नरहेकाले आर्थिक घरधरी सर्वेक्षणअनुसार प्राप्त आर्थिक गरीबीको विवरण मात्र प्रस्तुत गरिएको छ जसमा दैनिक रु. १४० भन्दा कम (१.२५ डलर) आम्दानी गर्ने घरधुरीको संख्या गाउँ वस्तुगत विवरण तयार गर्न संचालन गरिएको घरधुरी सर्वेक्षणबाट एकिन गर्न सकिने अवस्था देखिएन ।

२.३ क्षेत्रगत अवसर तथा चुनौतिहरु

गाउँपालिकाका प्रमुख अवसर तथा चुनौतिहरु निम्न अनुसार देखिएका छन्:

क. सबलताहरु

गाउँपालिकाको सबैभन्दा सबलपक्ष कृषि तथा पशुपालनजन्य व्यवसाय र शैलुङ पर्यटन प्रवर्द्धनको सम्भावना देखिएको छ । यसलाई नै गाउँपालिका विकासको चालकको रुपमा उपयोग गर्ने रणनीति आवधिक योजनाले लिएको छ ।

ख. कमजोरीहरु

सबैभन्दा कमजोर क्षेत्रमा कृषि तथा पशुजन्य क्षेत्रको व्यवसायिक प्रणाली कमजोर देखिन्छ भने यातायात व्यवस्थाका लागि जोखिमपूर्ण बाटोको अवस्था देखिएको छ । आवधिक योजना कार्यान्वयनका क्रममा यी कमजोरीहरुलाई सुधार गर्ने प्राथमिकतामा राखिएको छ ।

ग. अवसरहरु

कृषि, पशुपालन, पर्यटनजन्य अर्थतन्त्रमा लगानी गर्ने स्थानीय र बाहिरी लगानीकर्ताहरुको रुचि बढ्दो अवस्थामा छ र यसलाई आवधिक योजनाले प्राथमिकतामा राखेको छ ।

घ. चुनौतिहरु

दिगो र ग्रामीण व्यवसायिक विकासका लागि बलियो संस्थागत आधार तयार भइनसक्नु नै वर्तमानमा मुख्य चुनौति देखिएका छन् । यी चुनौतिहरुलाई सामना गर्न संगठित अर्थतन्त्रको रणनीतिलाई प्राथमिकतामा राखिएको छ ।

हरेक विषयगत क्षेत्रका अवसर तथा चुनौतिहरुलाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: गाउँपलिकाको विकासका अवसर तथा चुनौतिहरु

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
१	आर्थिक विकास				
१.१	कृषि	- आलु पकेट परिचित क्षेत्र - प्रशस्त जग्गा जमिन छ । - १ वर्षमा सरदर पालिका बाहिर ३५ लाख केजी आलु निकासी । - पालिका भित्र आलु अनुसन्धान तथा विउ उत्पादन केन्द्र रहनु ।	- उचित वजार व्यवस्थापन र प्रशोधन छैन ।	- वजारीकरण र व्यवसायीकरण गर्न सकिने - आलुको लागि हावापानी सुहाउदो छ।	- प्रशस्त लगानी नहुनु - यातयात सरंचना सजह नहुनु - कृषि सहकारीहरुको उचित व्यवस्थापन नहुनु - प्राविधिक जनशक्तिको अभाव - वजार अभाव
१.२	पशुपालन	- प्राय सबै वडाहरुमा प्रशस्त डालेघाँसको उत्पादन हुने । - चरण क्षेत्र प्रशस्त भएको । - व्यवसायिक कुखुरा पशुपालन शुरु भएको	- वडा तथा गाँउ पालिकाको पशु विकास रणनिती नबन्नु । - स्थानीय जनतालाई पशु बिमा बारे जानकारी नहुनु । - किसानलाई प्रयाप्त पशुपालन तालिम तथा भ्रमणको व्यवस्था नहुनु ।	- व्यवसायिक रुपमा बाख्रापालन गरी खसी बाख्रामा आत्म निर्भर भइ राजधानी लगाएतका अन्य बजारहरुमा निर्यात गरी प्रशस्त आम्दानी गर्न सकिने । - घाँसको प्रयाप्त भएको । - दुग्ध विकासमा लगानी गर्ने अवसर - कुखुरा पालन व्यवसाय विस्तारको माग बढेको छ ।	- स्थानीय उत्पादनको बजार र किसान संगठन नहुनु । - पशुपालन व्यवसाय व्यवसायिक बन्न नसक्नु । - पशुपालमा लगानी गर्न स्थानीय वैंकहरु उत्साहित नहुनु साथै धितोको झन्जटिलो प्रकृया । - व्यवसायिक फार्म नया अवधारणा भएकाले स्वीकार्न समय लाग्छ । - स्थानीय स्तरमा दक्ष पशु प्राविधिकको व्यवस्था नहुनु ।
१.३	पर्यटन	- पर्यटन विकासको प्रशस्त सम्भावना - शैलुङ क्षेत्र प्रमुख पर्यटकीय गन्तव्य - ठूलो बुद्धमूर्ति, वौद्ध चैत्य, त्रिवेणी धाम विकासकोकाम अघि बढी रहेको । - चिसो हावापानी।	- बजेट कमी - भौगोलिक विकटता - विकासका पुर्वाधारहरु नहनु - पर्यटकीय क्षेत्रको व्यवस्थापन नहुनु - पर्याप्त होटेल, रेस्टुरेन्टको अभाव	- पर्यटन व्यवसायमा लगानी र प्रवर्द्धन गरी स्थानीय स्तरमा रोजगार र आम्दानी बढाउन सकिने । - आलु पर्यटनको सम्भावना ।	- राम्रो व्यवस्थापन प्रणालीको अभाव । - प्रचार प्रसारको कमी । - लगानीको वातावरण नबन्नु ।

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
१.४	उद्योग, वाणिज्य तथा आपूर्ति	- उद्योग वाणिज्य व्यवस्थाका लागि संगठित संस्था भएको ।	- उद्योग प्रवर्द्धनका लागि पर्याप्त पहल नहुनु ।	- कृषिजन्य उत्पादन निकासी गर्ने पर्याप्त अवसर भएको ।	- विकासका पुर्वाधार नबन्नु ,।
१.५	वैंक तथा सहकारी व्यवस्थापन	- गाउँ पालिकामा ४७ वटा सहकारी तथा १ वटा वैंकहरु रहेका । - महिलाहरुको आर्थिक गतिविधीमा बढावा आएको । - सरकारको निती तथा कार्यक्रममा कृषि सहकारी संसथाहरुलाई विउविजन उत्पादनमा प्रोत्साहन गरीने निती लिनु ।	- सहकारीहरुको संख्या बढी भए पनि सञ्चालन तथा व्यवस्थापनमा कमजोरी रहेको ।	- विप्रेषणलाई बचत तथा लगानीको रुपमा विकास गर्न सकिने । - वैंक र लघु वित्तहरुलाई लगानीको वातावरण तयार गर्न सकिने । - गरिवी निवारण कोष, सामुदायिक वन, कवुलियती वनलगायतका समुहहरुको कोषलाई एकीकृत परिचालन गर्न सकिने ।	- कृषि सहकारीले कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणमा योगदान गर्न नसक्नु ।
१.८	भूमि व्यवस्थापन	- कृषिजन्य उत्पादनका लागि प्रशस्त जग्गा जमिन हुनु ।	- खाली तथा बाझो जग्गाहरु रहनु ।	- भू व्यवस्थापन योजना अनुसार उत्पादन तथा बसोबासको व्यवस्था मिलाउन र जग्गालाइ वर्गीकरण गरी उच्च मूल्यमा कारोबार गर्नसकिने ।	- धनी व्यक्तिहरुसँग धेरै जमिन तथा गरीबहरुसँग थोरै रहनु । - धनाढ्यहरुसँग रहेको जमिन बाझो तथा खाली रहनु ।
१.९	खानी व्यवस्थापन	- प्रशस्त खानीहरु रहनु (ढुङ्गा, स्लेट ढुङ्गा,फलाम)	- खानीको सम्भावना अध्ययन र उत्खनन् नहुनु ।	- निजी सार्वजनिक लगानीमा ढुङ्गा, स्लेट फलाम खानीहरु सञ्चालन गर्न सकिने । - करको दायरा बढाउन सक्ने ।	- खानी उत्खनन्का लागि कानुनी झन्झटहरु रहनु । - लगानीको संस्कृति तथा वातावरण तयार नहुनु ।
१.१०	श्रम तथा रोजगारी	- युवा उद्यमशिलता र रोजगारी सिर्जनाका लागि गाँउपालिकाले रकम विनियोजन गर्न सुरुवात	- धेरै युवाहरु वैदेशिक रोजगारीमा जानु पर्ने बाध्यता सिर्जना हुनु ।	- वैदेशिक रोजगारीमा गएका युवाहरुलाई स्थानीय स्तरमा नै रोजगारी सिर्जना गर्न सकिने ।	- स्थानीय रोजगारी सिर्जना मय लाग्ने ।
२	सामाजिक विकास		-	-	-
२.१	शिक्षा	- एउटा विद्यालयमा मावि स्तरमा भेटरीनरीको पढाइ हुनु । - शिक्षाको पहुच भन्दा वाहिर धेरै	- कक्षा अनुसारको विषयगत शिक्षकहरुको व्यवस्थापन नहुनु । - विधालय र अभिभावक विचको	- प्राविधिक विद्यालय स्थापना गरी दक्ष जनशक्ति उत्पादन गर्न सकिने - सामुदायिक विद्यालयहरुलाई	- प्राविधिक विद्यालयको व्यवस्थापन नहुनु । - सबै सामुदायिक

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
		वालवालिकाहरु नरहेको । - विद्यालयहरुमा भवन निर्माणको लागी गा.पा.ले धेरै लगानी गर्नु पर्ने अवस्था नरहेको।	सम्बन्ध कमजोर रहेको । - प्राविधिक शिक्षाको अवसर नभएको - एक तिहाई वालवालिका गा.पा. भन्दा वाहिर अध्ययनमा रहेको ।	अंग्रेजी माध्यममा रुपान्तरण गरी शिक्षामा गुणस्तर वृद्धि गर्न सकिने - अंग्रेजी भाषा र कम्प्युटर सीप अभिवृद्धिलाई प्रभावकारी बनाउन सकिने । - गाउँपालिकाले शिक्षा योजना लागु गर्ने	विद्यालयहरुलाई अंग्रेजी माध्यममा रुपान्तरण गर्न कठिन । - शिक्षक व्यवस्थापनको लागी आर्थिक अभाव । - प्राविधिक शिक्षाको लागी आर्थिक लगानी जुटाउन कठिन
२.२	स्वास्थ्य	- धेरै जसो वडाहरुमा २४ घण्टे प्रसुती सेवा लागु भइ नवजात शिशु र आमाको जीवन सुरक्षित रहनु । - मातृ तथा वालमृत्यूदरमा कमी - सरुवा र महामारीजन्य रोगमा कमी - ५० प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको	- यौनजन्य रोगहरुबाट बच्नका लागि जनचेतना अभियान सञ्चालन नहुनु । - भएका सस्थामा औजार उपकरण औषधी जनशक्ती कमी	- प्राकृतिक स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने - सबै वडाहरुमा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन पुर्वाधार निर्माण गर्ने । - स्वास्थ्य सचेतनामा वृद्धी	- स्वास्थ्य सेवा अत्यन्त नाफामुखी बन्दै जानु । - दरवन्दी अनुसार जनशक्ति व्यवस्थापन नहुनु । - स्वास्थ्य सस्थाको आफ्नो जग्गा नहुनु ।
२.३	खानेपानी तथा सरसफाई	- स्थानीय निकायले स्थानीयस्तरमा पाइप लाइनबाट अस्थायी रुपमा पानीको व्यवस्थापन गर्दै आएको । - डम्पीङ साइडको व्यवस्था गर्न गाँउ पालिकाले पहल गर्दै गरेको ।	- खानेपानीको लागि महिलाहरुको धेरै समय खेर जानु - बजारक्षेत्रमा व्यवस्थित ढल तथा सरसफाइको व्यवस्था नहुनु । - खानेपानीको गुणस्तर परीक्षण नभएको	- खानेपानी सेवा विस्तारका लागि सहयोगी दाताहरु तत्पर रहनु । - प्रशस्त पानीको मुहानहरु रहनु । -	- प्रर्याप्त आर्थिक स्रोत नहनु ।
२.५	संस्कृति प्रवर्द्धन	- विभिन्न जातीहरुको जातीगत संगठन निर्माण भएको	- स्थानीय कला तथा संस्कृति संरक्षण र सम्बर्द्धनमा स्थानीय समुदाय तथा स्थानीय सरकाको ध्यान कम पुग्नु ।	- वार्डका विभिन्न क्षेत्रका नागरिकहरुको सिर्जना, सुझाव, सहयोग, विचार, संकलनका लागि नागरिक विचार वैंक स्थापना गरी नयाँ सिर्जनात्मक परियोजनाहरु सञ्चालन गर्न सकिने ।	- भाषा, कला साहित्य र संस्कृतिको सांगठनिक र योजनावद्ध रुपमा उक्त क्षेत्रको विकास हुन नसक्नु । - पश्चिमा संस्कृतिको अत्याधिक प्रवेश
२.६	सञ्चार सेवा	- संचारमा पहुच वृद्धी भएको	- संचारको साधनहरुको सही सदुपयोग	- नजानेको कुरा घरमै वसेर सिक्न	- यौनजन्य विकृति वढेको

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
			नभएको	पाइने	
२.७	जनसंख्या व्यवस्थापन	- जनसख्या वृदीदर घटेको	- गूणस्तरीय जिवनयापन गर्न नसकेको	- सचेतनामा वृद्धी	- अवैध गर्भपतन बढेको - लिङ्ग पहिचान गरी गर्भपतन रोक्ने चुनौती
२.८	लक्षित वर्ग कार्यक्रम	- आरक्षण व्यवस्था - सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्था - वृद्ध आश्रमको निर्माण शुरु - घर वाहिरको कामको अवसर पाएको - निर्णायक तहमा पहुँच	- महिला हिंसामा कमी नआएको, घरेलु कामको मूल्याङ्कन नभएको - लक्षित कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन नभएको	- चेतना अभिवृद्धी गर्ने - सरकारी, गैरसरकारी संस्थाको प्रयास	- जातिय आरक्षण भएको वर्गिय आरक्षण नभएको । - महिला तथा वालवालिका हिंसा न्यूनिकरण
२.९	खेलकुद	- सरकारले स्थानीय तहको सहकार्यमा प्रत्येक स्थानीय तहमा सम्भाव्यताको आधारमा रंगशाला, खेल मैदान, युवा क्लव तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक बजेट व्यवस्था गर्ने निति लिनु ।	- खेल तथा खेलाडीहरुलाई प्रोत्साहन नगरीनु - खेलकुद क्षेत्रको विकासमा प्रर्याप्त रकम विनियोजना नगरीनु । - खेलकुदका सामग्री र मैदानको अभाव।	- स्थानीय स्तरमा खेलकुद कार्यक्रमहरु आयोजना गरी स्थानीय युवाहरुलाई संगठीत गरी खेल जगतलाई प्रवर्द्धन गर्न सकीने । - स्थानीय स्तरमा खेल मैदान तथा रंगशाला निर्माण गरी खेलकुदको आकर्षाण क्षेत्र निर्माण गर्न सकिने	- खेलकुद प्रवर्द्धनका लागि स्थानीय स्तरमा खेल मैदान तथा रंगशालाहरु निर्माण नहुनु - खेलकुदमा गा.पा अगाडी बढ्न नसक्नु ।
३	पूर्वाधार विकास		-	-	-
३.१	सडक तथा पुल	- गाउपालिका केन्द्रबाट जिल्ला सदरमुकाम वडा केन्द्र जोड्ने सडक ७ मिटर चौडा गर्ने कार्य शुरु - सबै टोल बस्तिमा सडक पूगेको । - यातायात सुविधाले सामाजिक विकासमा टेवा पूगेको । - गाउँपालिकासँग जोड्ने सडक पुल २ वटा निर्माण भइ सञ्चालन	- सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्या°न नगरी गरेकाले अधिकांश कच्ची सडकमा पहिरो जानु - बजेट अभावका कारण नियमित मर्मत संभार हुन नसकेको हुँदा सर्वयाम यातायात सञ्चालन नहुनु - गा.पा.बाट सदरमुकाम तथा	- गा.पा भित्र उत्पादन गरिएका कृषि उपज निर्यात गर्न सहज । - आन्तरिक तथा वाह्य पर्यटन भित्र्याउन सहज हुने । - निर्माण सामाग्री सहज ढङ्गमा निर्माण स्थलमा पुयाउन सकिने - काष्ठ तथा गैर काष्ठ वन पैदावारहरु सजिलै निकासी गर्न	- नियमित यातायात सञ्चालन हुँदै आएका कच्ची सडकहरुको स्तरउन्नती तथा कालोपत्रे गरी दैनिक यातायात सञ्चालनमा सहजता ल्याउन । - कठिन भौगोलिक अवस्था, - वर्षाको ६ महिना भन्दा बढी पानी परिरहने ।

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
		रहेको, २ वटा निर्माण भइरहेको - ८०% भ्रो.प.को पहुच पुगेको ।	राजधानी जोड्ने सडकको ठुला खोला पुल निर्माण हुन नसकेको ।	सकिने ।	
३.२	**भवन, बस्ती तथा शहरी विकास र पुननिर्माण**	- भौगोलिक रुपमा विकट तथा विपतको उच्च जोखिम युक्त स्थानमा वसोवास रहेको घरपरिवारलाई स्थानीय तहको सहयोग र सहकार्यमा एकिकृत बस्ती निर्माण गर्ने राज्यको नीति । - स्वास्थ्य चौकी, विद्यालय, सामुदायिक भवन वृद्धाश्रम निर्माण भइरहेको - देउराली वाघखोर र भैंसेमा साना शहर रहेको । - फोक्टे शैलुङ कालापानीमा साना शहर डिजाईन शुरु।	- सडक तथा जग्गाको अभाव रहेको - व्यावसायिक वातावरणको सिर्जना हुन नसकेको ।	- व्यवस्थित विकासका लागि एकीकृत वस्ती निर्माणको वातावरण बनाउदै बजार केन्द्रहरु व्यवस्थापन गर्दै लैजान सकीने । - स्थानीय उत्पादनको बजारीकरणका लागि नयाँ हाट बजार स्थापना तथा पुराना हाट बजारहरुको व्यवस्थापन गर्ने ।	- नमुना एकीकृत बस्ती निर्माण गर्न नसक्नु । - स्थानीय स्तरका बजारहरु व्यवस्थित र बजारीकरण हुन नसक्नु ।
३.३	**सिँचाइ**	- सिंचाइका लागि पानीको स्रोतहरु जुटाउन सकिने ।	- ६५% खेति योग्य जमिनमा सिचाई सुविधा नभएको ।	- खेती योग्य जमिनमा १५% मा किसानले र २०%भु भागमा अन्य निकायले सिंचाई सुविधा पुर्याउने	- सिंचाई सुविधाको लागी पानीको मुहानको अभाव
३.४	**विद्युत तथा उर्जा**	- गाउपालिका भित्र ९५% बस्तिमा विद्युत सेवा पुगेको ।	- अन्य असुरक्षित विद्युतीकरण रहेको	- सबै जनताले विद्युतको उपभोग गर्न पाउनु ।	- कालो तारको व्यवस्थापन गर्न
३.५	**यातायात**	- प्राय जसो सबै वडाहरुमा सडक सञ्जालले जोडिएको छ । - भौगोलिक विकटताको वावजुत पनि सवारी साधनहरुले मालसमान ढुवानीमा टेवा पुऱ्याएको।	- पालिकाभित्र १२ महिना निरन्तर यात्रुवाहक गाडीहरुको व्यवस्था नहुनु ।	- गाउँदेखी शहरसम्म आउने जानेहरुको संख्यामा दिनदिनै वृद्धि हुदै जानु । - जिल्लामा यातायात सेवा कम्पनीहरु रहनु ।	- भौगोलिक विकटता - पातालो बस्ती - बस्ती बस्ती विचको दुरी टाढा रहनु ।
४	**वन, वातावरण तथा विपदव्यवस्थापन**		-	-	-

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
४.१	वनतथा भू संरक्षण	- प्रशस्त वन क्षेत्र - ५५-६० वटा सा.व.उ.स. र २३ वटा क.व.स. - सबै घरधुरी वन समुहमा आवद्ध	- वनको विनास तथा क्षयीकरण - अनधीकृत प्रयोग	- वन उद्यमशिलताको सम्भावना - जडिबुटी उद्योगबाट आयआर्जन - विपद कोष स्थापना	- वातावरण मैत्री विकास निर्माण
४.२	जैविकविविधता संरक्षण	जैविक विविधताका पर्याप्त स्रोतहरुभएको ।	व्यवस्थापन योजना नभएको ।	शैलुङलाई जैविक विविधताक्षेत्र बनाउनसकिने ।	स्थानीय तहमा स्पष्ट नीति नियम, संयन्त्रर बजेट अभाव ।
४.३	वन्यजन्तु संरक्षण	संरक्षणमा वन समुहहरुको सक्रिय योगदान रहेको ।	संरक्षण तथा व्यवस्थापन योजना नहुनु	पर्यटन प्रवर्द्धन गर्न सकिने ।	स्थानीय तहमा स्पष्ट नीति नियम, संयन्त्रर बजेट अभाव ।
४.४	भु तथा जलाधार संरक्षण	- भु तथा जलाधार संरक्षणका बजेट तथा शाखा स्थानीय निकायमा रहनु - भु तथा जलाधार संरक्षण सम्बन्धी प्राविधिकहरु स्थानीय निकायमा नै उपलब्ध हुने वर्तमान अवस्था । - विगतमा प्रसस्त जलधार क्षेत्र रहेकोमा हाल जोखिममा पर्नु ।	- सम्बन्धित कर्मचारी र कार्ययोजनाको अभाव ।	- पुराना मुहानहरु प्रसस्त हुनु । - हरीत सडक निर्माणका लागि प्रसस्त सडकहरु हुनु । - पहिरो जोखीम क्षेत्रहरु पहिचान गरी तटबन्ध तथा वायो इन्जीनियरीङ गर्न सकीने । - भु-क्षय प्रभावित क्षेत्रहरुमा जैविक बाँध विस्तार गर्न सकिने ।	स्थानीय तहमा स्पष्ट नीति नियम, संयन्त्रर बजेट अभाव ।
४.५	जलवायु अनुकुलन	- तामाकोशी नदी किनारदेखी अग्ला शैलुङ डाँडासम्मको भूभाग रहेको कारण धेरै प्रकारको हावापानी रहेको	- पालिकामा नयाँ सडक निर्माण कार्य अझै निरन्तर चलि रहनु ।	- गह्रा सुधार गरी खेतीपाती, कम्पोष्ट र प्राङ्गारीक खेती गर्न सकिने ।	- रासायनिक मलको प्रयोगमा वृद्धि ।
४.७	प्रकोप नियन्त्रण	- पानीको पुराना मुलहरु हुनु ।	जोखीमको न्यूनीकरणको लागि पालिकाले योजना बनाएर कार्यान्वयन तर्फ नलाग्नु ।	जोखीम पुर्व तयारी योजना निर्माण गर्न सकिने ।	- प्रकोप बारे पुर्वतयारी तथा क्षतीको पुर्वानुमान गर्न नसक्नु
४.८	विपद व्यवस्थापन	- पालिकामा विपद व्यवस्थापन समिति गठन हुनु । - २ वटा एम्बुलेन्स संचालनमा रहनु ।	- विपदबारे पुर्वतयारी नहुनु ।	- सचेतना कार्यक्रम र सहयोगी संस्थाहरु वृद्धि भइरहेको ।	- विपदबारे समुदाय सचेत नहुनु - विपदपछिका आवश्यक सामग्री व्यवस्थापन गर्न कठिनाइ।

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
४.५	अग्नि नियन्त्रण	- निजी, सामुदायिक तथा अन्य वनहरुमा पनि अग्नी रेखा तथा डडेलो नियन्त्रणको अभ्यासहरु नहुनु	- अग्नी नियन्त्रण तथा वारुण यन्त्रहरु संग सम्बन्धीत कार्य गर्ने संघ संस्था तथा परियोजनाहरु ल्याउन नसक्नु।	- पालिका क्षेत्रका धेरै जसो वनहरु सल्लाको हुनु। ।	- अग्नी रेखा तथा डडेलो नियन्त्रणको अभ्यासहरु नहुनु ।
५	न्याय, सुशासनतथा संस्थागतविकास				
५.१	जनशक्ति व्यवस्थापन	- मानव शंसाधन विकास र परिचालन	- आवश्यकता अनुसारका कार्मचारीहरु नभएका (१५ मध्य ८ मात्र उपलब्ध)	- कृषि, वन, पशु स्वास्थ्य, मानव स्वास्थ्य, सुचना प्रविधी, ईन्जीनियर तथा ओभरसियर जस्ता दक्ष जनशक्तिहरु पालिकामा उपलब्ध हुनु	- आवश्यकता अनुसार कर्मचारी भर्ना गर्न आर्थिक स्रोतको अभाव हुनु ।
५.२	कार्यालय व्यवस्थापन	पालिकाको आफ्नै भवन बनाउन सुरु भएको छ ।	- वडा कार्यालय तथा वडा स्तरीय सेवा केन्द्रहरुका लागि भवन नभएका - हाल भाडामा रहेको भवनमा प्रर्याप्त कोठा संख्या नहुनु ।	- कार्यालय विस्तारमा सहयोगी संस्थाहरु पाउन सकिने ।	कानुन विज्ञ- कर्मचारी अभाव
५.३	सेवाव्यवस्थापन	- जनतालाई सेवा प्रवाह गर्दा छिटो र छरितो ढंगको सेवा प्रवाह गर्ने गरीएको ।	- प्रर्याप्त कोठा संख्या अभावमा एउटै कोठाबाट धेरै फाँटको सेवा प्रवाह गर्नु पर्ने बाध्यता हुनु ।	- टाढाका बस्ती तथा वडाका जनतालाई सेवा पुग्ने गरी कम्तीमा वर्षमा २ वटा सेवासँग सम्बन्धीत शिविरहरु संचालन गरी सेवा प्रवाह गर्न सकिने	- वडाहरुबाट सेवा ग्राही पालिकाको कार्यालय सम्म आउन जानको लागि यातायातको पहुँच नहुनु ।
५.४	सूचना तथा प्रविधि विकास	- हाल पालिकाको आफ्नै वेवसाईट हुनु - करारमै भए पनि सुचना तथा प्रविधी अधिकृत व्यवस्थापन गरेर कामकाज संचालन गर्नु । - ईमेल, ईन्टरनेट लगायतको व्यवस्थापन हुनु ।	- पालिकाको तथ्यांक तथा जानकारीहरु प्रयाप्त संकलन तथा सार्वजनिक नहुनु ।	- पालिकाबाट भए गरीएको राम्रा कामहरुको प्रचार प्रसार र महत्वपुर्ण सिकाई तथा राम्रा अभ्यासहरु आदानप्रदान गर्न सकिने । - छिटो र भरपर्दो सुचना प्रवाह गर्न सकिने ।	- भरपर्दो ईन्टरनेट सेवा नहुनु । - विद्युत सेवा वेला वेलामा अवरुद्ध भई रहने ।
५.५	राजस्व	राजस्व संकलन तथा परिचालन सुधार	पालिका तथा सेवा केन्द्रका लागि	अन्तरनिकाय समन्वय क्षमता-राम्रो ।	सूचनाको पहुँचबाट टाढा-

क्र.सं.	विषयगत क्षेत्रहरु	सबलताहरु	कमजोरीहरु	अवसरहरु	चुनौतिहरु
	परिचालन	भइरहेको ।	भवन नभएको ।		इन्टरनेट, फोन आदि ।
५.६	वित्तीय व्यवस्थापन	- वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणमा दिनदिनै वृद्धि भईरहनु , हाल वैक तथा सहकारी जस्ता वित्तिय संस्थाहरुमा वृद्धि भईरहेको छ ।	- थोरै पुँजी तथा सानो लगानी क्षेत्रका सहकारी तथा वित्तीय संस्थाहरु अव्यवस्थीत रुपमा संचालन हुनु । - विप्रेषणको सदुपयोगको योजना नबन्नु	- विप्रेषणबाट उत्पादनमुलक क्षेत्रको लगानीमा वृद्धि गराउन सकिन्छ । - समान उद्देश्य भएका वित्तयि संस्थाहरुलाई समायोजन गर्न सकिन्छ	- सहकारीहरुको समायोजन गर्न कठिन हुन सक्छ । - स्वायत अधिकार लिएका लघु वित्त विकास बैक हरु धेरै हुनु ।
५.७	पारदर्शिता र जवाफदेहिता	- संस्थागत क्षमता विकास, तालिम, अभिमुखीकरण कानुन तथा न्याय (१५ व्टा कानुन नियमावली बनाइयो)	- योजनाहरुको सार्वजनिक सुनुवाई कम मात्रमा हुनु ।	- पारदर्शिताको विभिन्न गतीविधीहरु र सुशासनका औजारहरु प्रयोग गरेर नमुना पालिका बनाउने अवसर ।	- उपभोक्ता समितिमा निरक्षर तथा कम साक्षर व्यक्तीहरु भएको कारण आम्दानी खर्चको विवरण राख्न कठिनाइ हुनु ।
५.८	प्रशासकीय सुशासन	- विभिन्न स्थानीय ऐन कानुनहरु बनाइएको	- सुशासनका औजारहरु प्रयोग नहुनु ।	- क्षमता अभिवृद्धि सहयोगहरुको सम्भावना भएको ।	- पर्याप्त कर्मचारीको आपूर्तिमा समस्या ।
५.९	न्याय तथा सुरक्षा	- पालिकामा स्थानीय न्यायालयको स्थापना तथा व्यवस्थापन भएको ।	- न्यायालको लागि छुट्टै भवन तथा कोठाको व्यवस्थापन गर्न नसक्नु ।	- नगर क्षेत्रका साना तथा सामान्य मुद्धाहरुलाई स्थानीय स्तरमा नै समाधान गर्न सकिने ।	- पर्याप्त प्राविधिक व्यवस्थापनको अभाव ।
५.१०	गैसस व्यवस्थापन	- सक्रिय संस्थाहरुको उपस्थिति हुनु, - सामुदायिक संस्थाहरु पर्याप्त हुनु ।	- एकद्वार प्रणालीको कमी ।	- अन्य क्षेत्रको लगानी भित्र्याउन सजिलो पर्दछ ।	- पालिकाको उद्देश्यसंग कार्यक्रम संयोजन गर्न समय लाग्ने ।
५.११	तहगत सम्बन्ध	माथिल्लो तहसम्म राम्रो सम्बन्ध भएको ।	सामुहकि कार्यदक्षताको कमी ।	सहयोग गर्न बहुनिकायहरुको चासो ।	स्थिर अवस्था नहुनु ।
५.१२	अन्तर सम्बन्ध	- लक्षित वर्ग, विषयगत समिति, विषयगत कार्यालयहरु रहेको छ ।	- विषयगत समिति कृयाशिल तर कार्यालय र समिति सम्बन्ध कमजोर ।	- दुवैको समन्वय हुन सकेमा विकासले फड्को मार्ने छ ।	- समन्वयकारी भूमिकाको अभाव।

२.३ विगतको समीक्षा र सिकाइहरुको उपयोग

शैलुङ गाउँपालिकाको मिति २०७४ असार २५ मा सम्पन्न प्रथम गाउँ सभाले लिएको लक्ष्य "सर्वत्र वैभव, सभ्यत र स्वाभिमान, जनजनको पौरख, समृद्ध शैलुङको निर्माण" लाई आत्मसात गर्दै आर्थिक वर्ष २०७४/७५ को नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न रु. २९ करोड ३२ लाख ८२ हजार ६ सय १ पैसा ६० रकम विनियोजन गरेको छ । अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतमध्ये आन्तरिक आयबाट रु. ३६ लाख १६ हजार ३ सय ४२, नेपाल सरकारको समानीकरण अनुदानबाट रु. १५ करोड ०९ लाख ४९ हजार, नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत ८ करोड ९१ लाख ४९ हजार ५ सय ५६ रुपैया ४७ पैसा, राजश्व बाँडफाँड अनुदान अन्तर्गत नेपाल सरकार रु. ४ करोड ३७ लाख ३७ हजार ७ सय २३, र बैक मौज्दात रु. ५८ लाख २९ हजार ९ सय ८० पैसा १३ रहेको छ । समग्रमा गाउँपालिकाका नागरिकहरुको जीवनस्तर आधारभूत आवश्यक्ताहरुको परिपूर्तिमै संघर्षशील छ । करीब ५.२८ प्रतिशत घरधुरीहरु अति गरीबीकै अवस्थामा छन् । जीवन निर्वाहको मुख्य आधार कृषि तथा पशुपंक्षी पालन नै छ तर यस भेगमा यातायात, सिंचाई तथा दक्ष कामदारको अभावका कारण मुख्य पेशाले नै दैनिक निर्वाह धान्न पनि धौ धौ छ भने कृषि तथा पशुपालनले आधुनिकताको बाटो समाउन सकेको छैन । अधिकांश भूभाग पहाड भएकोले मकै, कोदो तथा आलुखेती प्रमुख छन् । धानखेती निकै कम छ । गाउँपालिकामा कुल क्षेत्रफलको ५४ प्रतिशत बनले ढाके तापनि यसले व्यवसायिक वनको रुप लिन सकेको छैन । आर्थिक रुपले सकृय जनसंख्यालाई आधारमान्दा अर्थतन्त्रका लागि सक्रिय मानिएको युवा पुस्ताको ठूलो संख्या आजका दिनमा गाउँबाहिर छ । गाउँभित्रै भएकाहरु पनि कृषि तथा पशुपालनजन्य पेशालाई दुःखिया पेशाको रुपमा लिइ यसप्रति विमुख छन् । यति हुँदाहुँदै पनि गाउँपालिकाको विकासको मूल स्रोत कृषि, पशु, वन, पर्यटन र जनशक्ति नै हुन् । यो गाउँपालिका ९०० देखि ३१४५ मी. सम्मको उँचाइमा फैलिएको हुँदा धेरै खाले हावापानी पाइने भएकोले यिनको बुद्धिमत्तापूर्ण परिचालनबाटै गाउँपालिकालाई समृद्धिको मूल बाटोमा पुर्‍याउन सकिने सम्भावनाहरु देखिन्छ । यसकारण यिनै तथ्य र स्रोतहरुलाई परिचालन गरी गाउँपालिकाको विकासमा अघि बढ्नु उचित बाटो देखिएकोले आवधिक योजनाले यिनै क्षेत्रहरुलाई परिचालन गर्ने नीति लिएको छ । यस अन्तर्गत कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र औद्योगिकरण, जल संरक्षण तथा भण्डारण, हरियाली प्रवर्द्धन पर्यटन विकास र युवाहरुलाई स्थानीय स्वरोजगार वृद्धि गर्ने परिकल्पना आवधिक योजनाले लिएको छ ।

अध्याय ३: सोच, लक्ष्य र प्राथमिकताहरु

यस अध्यायमा गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य तथा उद्देश्य, प्रमुख क्षेत्रगत कार्यक्रम र गाउँपालिका विकासको मुख्य सम्भावनाहरुलाई मद्दत पुर्‍याउने प्रमुख कार्यक्रमहरु प्रस्तुत गरिएको छ ।

३.१ दीर्घकालीन सोच

"सर्वत्र वैभव, सभ्यता र स्वाभीमान, जनजनको पौरख सम्मृद्ध शैलुङ्गको निर्माण" गाउँपालिका विकासको दीर्घकालीन सोच हुनेछ । यो सोच प्राप्तिका लागि दिगो र सन्तुलित आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र शासन प्रणालीसहितको गाउँपालिका निर्माण हुनेछ ।

३.२ आवधिक लक्ष्य

क. आर्थिक विकास

- आर्थिक रुपमा सक्रिय ६४ प्रतिशत जनसंख्या (१९१३८) मध्ये कम्तीमा १० प्रतिशतलाई (सरदर २००० जना) प्रत्यक्ष संलग्न हुने स्थानीय रोजगार तथा स्वरोजगार सिर्जना गर्ने ।
- हाल गरीविको रेखामुनी रहेका घरधुरीलाई (दैनिक प्रतिव्यक्ति रु. १४० भन्दा कम) आर्थिक समृद्धि कार्यक्रमको माध्यमबाट ५०% घटाउने ।
- कृषि तथा पशुपालन व्यवसायलाई दिगो आर्थिक क्रियाकलापको रुपमा विकास गर्ने ।

ख. सामाजिक विकास

- "एक घर एक धारा" अभियान प्रारम्भ भई प्रत्येक घरमा ३ वर्ष भित्र स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउने ।
- "एक घर एक शौचालय" निर्माण कार्य अभियानको रुपमा सञ्चालन गर्ने ।
- जेष्ठ नागरिकहरुलाई कम्तिमा वर्षमा १ पटक निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने ।
- सामाजिक संस्थाहरुमा सबै वर्गको समानुपातीक सहभागीता सुनिश्चित गर्ने ।
- शिक्षा गुरुयोजना बनाइ लागु गर्ने ।

ग. पुर्वाधार विकास

- गाउँपालिकाको मुख्य सडकको रुपमा रहेको मुडे-मेलुङ सडक अन्तर्गत (मुडे-भैसे खण्ड) र बाघखोर - कालापानीसम्म सर्वयाम सञ्चालन गर्ने ।
- गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्मका सबै सडकहरु सर्वयाम सञ्चालन गर्ने ।
- निजी आवास तथा सरकारी भवनहरु भुकम्प प्रतिरोधी किसिमले निर्माण भई भुकम्पबाट क्षति भएका निजी आवासहरुको निर्माण कार्य सम्पन्न गर्ने ।
- सिंचाइयोग्य जमीनमा सिँचाइको पहुँच दोब्बरले वृद्धि गर्ने ।
- खानेपानीको व्यवस्थापन गुरुयोजना बनाइ लागु गर्ने ।

घ. वन तथा वातावरण

- वनले ढाकेको हालको कुल क्षेत्र ५४.१९ प्रतिशतबाट कम्तीमा ६० प्रतिशत पुर्‍याउने ।
- वन उद्यमशीलतामा आधारित रोजगारी सिर्जना भै कम्तीमा २०० जनाले रोजगारी पाउने ।
- कृषि, पशुपालन, वन, पूर्वाधार विकास, फोहोर व्यवस्थापन, उद्योग तथा खानी लगायतका कामहरुलाई वातावरण तथा जलवायु अनुकुलनमैत्री पद्धतिमा सञ्चालन गर्ने ।

ङ. सुशासन

- गाउँ कार्यपालिकासहित सबै वडा कार्यालयहरुको आफ्नै भवन सञ्चालन गर्ने ।
- गाउँ कार्यपालिकासहित सबै वडा कार्यालयहरुमा कर्मचारीहरुको पुर्ण दरबन्दी पुर्ति गर्ने ।
- आ.व. २०७४/०७५ को कुल आयको आन्तरिक राजश्व आम्दानी १.२ प्रतिशतबाट बृद्धि गरि कम्तीमा ५ प्रतिशत पुर्‍याउने ।
- सेवा तथा अवसरहरुमा न्युन पहुँच भएका वर्गलाई लाभहरुको वितरणमा सुनिश्चित गर्ने।
- कल्याणकारी तथा विकासमूलक कार्यक्रमको माध्यमबाट महिला, वालवालिका, अपांगता, ज्येष्ठ नागरिक, लोपोन्मुख तथा अल्पसंख्यक, अति विपन्न, विशेष जोखिममा रहेका लक्ष्यित वर्गको हितलाई सुनिश्चित गर्ने ।

३.३ आवधिक उद्देश्य

- स्थानीय स्रोतमा आधारित आर्थिक समृद्धिलाई विकासको मेरुदण्डको रुपमा स्थापित गर्ने ।
- सामाजिक सेवाको पहुँचलाई न्युनतम पनि राष्ट्रिय मापदण्डमा पुर्‍याउने ।
- हरेक विषयगत क्षेत्रको दीर्घकालीन र सन्तुलित विकासको ढाँचा निर्माण गरी लागु गर्ने ।
- गाउँपलिकाको समग्र विकासका लागि बलियो बहुपक्षीय साझेदारी विकास गर्ने ।
- गाउँपलिकाको नेतृत्व र कार्यप्रणालीलाई सक्षम, प्रभावकारी र पारदर्शी स्तरमा स्थापित गर्ने ।

३.४ रणनीति

- कृषि तथा पशुपालन क्षेत्रलाई आर्थिक समृद्धिको मूल आधार बनाउने ।
- हरेक विषयगत क्षेत्रको योजनावद्ध विकासका लागि विषयगत समितिलाई सक्षम बनाउने ।
- विकासका प्रमुख सूचकहरुलाई केन्द्र, जिल्ला तथा पालिकाको तुलनात्मक स्थिति मापन गरी योजनाहरुलाई राष्ट्रिय मापदण्ड प्राप्तिमा केन्द्रित गर्ने ।
- आर्थिक समृद्धिका लागि एकीकृत वित्तीय लगानीको संरचना विकास गर्ने ।
- जनउत्तरदायी र सक्षम सरकारका लागि जनता र सरकारबीचको सूचना, सम्बन्ध र सहकार्यलाई बलियो बनाउने ।

३.५ कार्यनीति

- हरेक सम्भाव्य बस्तीहरुलाई पकेट क्षेत्रको रुपमा संगठित र विकास गर्ने ।
- विषयगत समितिका पदाधिकारी, विभागीय कर्मचारी, स्थानीय समुदाय, सेवाप्रदायकहरु र नियमित बजेटलाई आवधिक लक्ष्यअनुसारको कार्ययोजना बनाइ परिचालन गर्ने ।
- विकास अभियानका लागि बैंक, सहकारी, सरकारी, निजीक्षेत्र, सामुदायिक कोषहरु (गरीबी निवारण कोष, गरीबसंग विश्वेश्वर आदि) र समुदायको व्यक्तिगत लगानीको ढाँचा विकास गरी कार्यान्वयन गर्ने ।
- समग्र विकास योजनाको प्रभावकारी कार्यान्वयन,अनुगमन र मूल्यांकनका लागि गाउँपलिका, लाभग्राही समुदाय, नागरिक समाज, मिडिया र विषयविज्ञसहितको विशेष नागरिक संयन्त्र बनाइ परिचालन गर्ने ।
- अन्तरवडा कार्यमूल्यांकन तथा प्रगतिलाई बजेट विनियोजनमा प्राथमिकताको आधार बनाउने ।

३.६ क्षेत्रगत विकासको मार्गचित्र, प्रमुख प्राथमिक कार्यक्रमहरु

गाउँपालिकाको आवधीक योजनाको मुख्य लक्ष्य गरीबी निवारण हुने र सो को मुख्य योगदानक्षेत्र पूर्वाधार तथा जलस्रोत सेवासहितको कृषि तथा पशुपालन व्यवसाय हुनेछ । सञ्चालन भएका र सम्भाव्यता रहेका वडाभेला तथा विषयगत छलफलबाट पहिचान भइ आएका निम्न कार्यक्रमहरु नै गाउँपालिकाले सहयोग तथा सञ्चालन गर्ने विषयगत क्षेत्रका कार्यक्रमहरु हुनेछन् । कार्यक्रमहरुको सूची तालिका ४ मा राखिएको छ ।

तालिका ३: गाउँपालिकाको प्रमुख प्राथमिक कार्यक्रमहरु

क्र.स.	विषयगत क्षेत्रका सूचकहरु	प्रस्ताविक वडाहरु	जम्मा वडा
१	**आर्थिक विकास**		
१.१	**कृषि**		
१.१.१	व्यवसासष्कि अलैची खेती	१ देखि ७ सम्म	७
१.१.२	व्यवसायिक तरकारी खेती	१,२,३,५,६,७,८	७
१.१.३	आलु चिस्यान केन्द्र	१,२,३,६,७,८	६
१.१.४	कृषि उपज संकलन केन्द्र	१,२,३,५,६,७,८	७
१.२	**पशुपालन**		
१.२.१	कुखुरा पालन	१,२,४,५,६,७	६
१.२.२	बाख्रा पालन	१,२,४,५,६,७,८	७
१.२.३	दुध संकलन केन्द्र	२,३,४,५,६,७	६
१.२.४	पशुको नश्ल सुधार	२,३,४,७	४
१.३.	**पर्यटन**		
१.३.१	शैलुङ पर्यटन प्रवर्द्धन (किरातेश्वर महादेव तथा महाचैतन्य वौद्धविहारका लागि बुद्ध मूर्ति स्थापना)	अन्तरपालिका स्तरिय	गौरव योजना
१.३.२	प्राकृतिक सम्पदाको संरक्षण र प्रचार प्रसार	३,४,७,८	४
१.४	**उद्योग, वाणिज्य तथा आपूर्ति**		
१.४.१	नेपाली हातेकागज तयार	१,२,३	३
१.४.२	थाङ्का पेन्टिङ तालिम	१,२,७	३
१.४.३	आलु चिप्स उद्योग	२,३,४,६	४
१.४.४	खरी खानी व्यवसायको विस्तार कार्यक्रम	४,६,८	३
१.५	**सहकारी तथा वित्त व्यवस्थापन**		
१.५.१	बहुउद्देश्यिय कृषि फर्म संचालन कार्यक्रम	१,२	२
१.५.२	ईमेल ईन्टरनेटको विस्तार कार्यक्रम	१ देखि ८	८
१.५.३	बैंक संचालन	१,,२,५,७	४
१.६	**संरक्षित क्षेत्र व्यवस्थापन**		
१.६.१	शैलुङ पर्यटन क्षेत्र संरक्षण व्यवस्थापन	सबै	८
१.७	**भूमि व्यवस्थापन**		
१.७.१	जग्गाको व्यवसायिक वर्गीकरण गर्ने	सबै	८
१.८	**खानी व्यवस्थापन**		
१.८.१	अध्ययन अनुसन्धान र खोजी कार्यको विस्तार	१,२,४	३

क्र.स.	विषयगत क्षेत्रका सूचकहरु	प्रस्ताविक वडाहरु	जम्मा वडा
१.८.२	ढुङ्गाखानी व्यवस्थापन कार्यक्रम	१,२	२
१.९	**श्रम तथा रोजगारी**		
१.९.१	युवा उत्पादन स्वरोजगार कार्यक्रम (कृषी तथा लघु उद्यम)		गौरव योजना
२	**सामाजिक विकास**		
२.१	**शिक्षा**		
२.१.१	विद्यालय भवन निर्माण	१,२,३,४,५,६,७	७
२.१.२	विद्यालय खानेपानी सेवा विस्तार कार्यक्रम	१,२,३,४,५,६,७,८	८
२.१.३	कम्प्युटर ल्यावको विकास	१,२,३,४,५,६,७,८	८
२.१.४	ईमेल ईन्टरनेटको सेवा विस्तार	१,२,३,४,५,६,७,८	८
२.१.५	विद्यालय तारबार कार्यक्रम	२,३,४,५,६,७,८	७
२.२	**स्वास्थ्य**		
२.२.१	गर्भवती सेवा कार्यक्रम	१,२,३,४,५,६,७,८	८
२.२.२	एम्बुलेन्स सेवा	१,२,३,४,५,६,७,८	८
२.२.३	सर्वसुलभ खोप	१,२,३,४,५,६,७,८	८
२.२.४	स्वास्थ्य चौकी भवन निर्माण कार्यक्रम	१,२,३,४,५,६,७,८	८
२.३	**खानेपानी**		
२.३.१	पानीको मुहान खोज र संरक्षण कार्यक्रम	१,२,३,५,७	५
२.३.२	खानेपानी योजनाको थप सेवा विस्तार	१,२,३,४,५,६,७,८	८
२.३.३	साविक योजना मर्मत संभार	१,२,३,४,५,६,७,८	८
२.४	**सरसफाई**		
२.४.१	घरधुरी स्तरमा स्थायी चर्पी निर्माण		
२.४.२	सार्वजनीक स्थानमा चर्पी निर्माण		
२.५	**संस्कृति प्रवर्द्धन**		
२.५.१	गाउँपालिका भित्रका सम्पुर्ण गुम्वा, स्तुपा, मन्दिरहरुको मर्मत संभार कार्यक्रम	१,२,३,४,५,६,७,८	८
२.५.२	भाषा तथा भेषभुषाको संरक्षण कार्यक्रम	१,२,३,४,५,६,७,८	८
२.५.३	वाजागाजा संरक्षण कार्यक्रम	१,४,६,८	४
२.६	**सञ्चार तथा प्रविधि सेवा**		
२.६.१	नेपाल टेलीकमको टावर निर्माण	१,२,३,४,५,६,७,८	८
२.६.२	ईन्टरनेट सेवाको विस्तार कार्यक्रम	१,२,३,४,५,६,७,८	८

क्र.स.	विषयगत क्षेत्रका सूचकहरु	प्रस्ताविक वडाहरु	जम्मा वडा
२.७	**खेलकुद**		
२.७.१	वडास्तरिय खेल मैदान निर्माण कार्यक्रम	१,२,३,४,५,६,७,८	८
२.७.२	विभिन्न खेल प्रतियोगिता आयोजना (फटबल, भलिबल)	१,२,३,४,५,६,७,८	८
२.८	**लक्ष्यितवर्ग कार्यक्रम**		
२.८.१	बालबालिका : बालकल्ब व्यवस्थापन	सबै	८
२.८.१	महिलाः आर्थिक शसक्तिकरण अभियान	सबै	८
२.८.२	जेष्ठ नागरिकः संरक्षण तथा हेरचाहकेन्द्र स्थापना	सबै	८
२.८.३	अपाङ्गताः अपाङ्गता भएका व्यक्तिहरुको समस्या सुनुवाई तथा सिकाई केन्द्र	३	१
२.८.४	अति गरिवीः आर्थिक शसक्तिकरण कार्यक्रम	सबै	८
२.८.५	बेसाहाराः पुरर्स्थापना तथा उद्धार केन्द्र स्थापना	३	१
२.८.६	घातक रोगीः हेरचाह तथा रिफरल सेवा	३	१
२.९	**जनसंख्या व्यवस्थापन**		
२.९.१	एकीकृत परिवार व्यवस्थापन शिक्षा	सबै	८
२.१०	**बसाई सराई व्यवस्थापन**		
२.१०.१	सुरक्षित आवास कार्यक्रम	सबै	८
३	**पूर्वाधार विकास**		
३.१	**सडक तथा पुल**		
३.१.१	वडा भित्रका सबै सडकहरुको स्तनोत्तरी कार्यक्रम	१,२,३,४,५,६,७,८	८
३.१.२	गाउँपालिका केन्द्रदेखि १–८ वडा जोड्ने सडक	१,२,३,४,५,६,७,८	८
३.१.३	गाउँपालिका केन्द्रदेखि सबै वडा जोड्ने चक्रपथ निर्माण	१,२,३,४,५,६,७,८	८
३.१.४	कृषि सडकको विस्तार	१,२,३,४,५,६,७,८	८
३.१.५	मुडे कालापानी सडक विस्तार र मर्मत कार्य (गौरव योजना)		सबै
३.२	**भवन, बस्ती तथा शहरी विकास र पुननिर्माण**		
३.२.१	वडा कार्यालय भवन निर्माण	१,३,४,५,६,७,८	७
३.२.२	सायुदायिक भवन निर्माण कार्यक्रम	१,२,३,४,५,६,७,८	८
३.२.३	शहरी विकास कार्यक्रम	३	१
३.३.	**सिँचाइ**		
३.३.१	सबै वडामा संचालन भैरहेका सिंचाई योजनाहरु सम्पन्न गर्ने	१,२,३,४,५,६,७,८	८
३.३.२	सिंचाई सुविधा आवश्यक क्षेत्रमा थप योजना निर्माण	१,२,३,४,५,६,७,८	८
३.४	**विद्युत तथा उर्जा**		

क्र.स.	विषयगत क्षेत्रका सूचकहरु	प्रस्ताविक वडाहरु	जम्मा वडा
३.४.१	ट्रान्सफर्मर क्षमाता विकास	१,२,३,४,६,८	६
३.५	**यातायात**		
३.५.१	सबै वडामा सर्वयाम यातायात सञ्चालन	सबै	८
४	**वन, वातावरण तथा विपद व्यवस्थापन**		
४.१	**वनतथा भू संरक्षण**		
४.१.१	अग्नी रेखा निर्माण	१,२,३,४,५,६,७,८	८
४.१.२	सामुदायिक वन आय आर्जनका कार्यक्रम संचालन	१,२,३,४,५,६,७,८	८
४.१.३	वन सचेतना कार्यक्रम	१,२,३,४,५,६,७,८	८
४.१.४	वृक्षारोपण कार्यक्रम	१,२,३,४,५,६,७,८	८
४.१.५	वैज्ञानीक वन व्यवस्थापन	१,२,३,४,५,६,७,८	८
४.२	**जैविक विविधता संरक्षण**		
४.२.१	जैविक विविधता विशेष क्षेत्र	१,२,३,८	४
४.३	**जलाधार संरक्षण**		
४.३.१	पानीको मुहान संरक्षण	१,२,३,४,५,६,७,८	८
४.३.२	पोखरी संरक्षण तथा विस्तार	सबै	८
४.३.३	वृक्षारोपण	सबै	८
४.५	**जलवायु अनुकुलन**		
४.५.१	जलवायु अनुकुलन सम्बन्धि दिर्घकालिन योजनाहरु निर्माण	पालिकास्तरीय	८
४.६	**फोहोरमैला व्यवस्थापन**		
४.६.१	ल्यण्डफिल साइट व्यवस्थापन	३	१
४.६.२	सार्वजनिक क्षेत्रमा फोहरमैला संकलन तथा व्यवस्थापन योजना	सबै	८
४.७	**प्रकोप नियन्त्रण**		
४.७.१	जोखिम व्यवस्थापन गुरुयोजना निर्माण र कार्यान्वयन	पालिकास्तरीय	८
४.८	**विपद व्यवस्थापन**		
४.८.१	सचेतना कार्यक्रम	१,२,३,४,५,६,७,८	८
४.८.२	प्रविधीको विकास र प्रयोग	१,२,५	३
४.८.३	पुर्वाधार व्यवस्थापन	१,२,३,४,५,६,७,८	८
४.८.४	वस्ती संरक्षण (तारजाली)	१,२,३,४,५,६,७,८	८
४.९	**अग्नि नियन्त्रण**		
४.९.१	गाउँपालिकाभित्रका कार्यालयहरुमा अग्नी नियन्त्रक व्यवस्थापन	सबै	८
४.९.२	वस्ती र जंगलबिच अग्नी रेखा निर्माण	सबै	८

क्र.स.	विषयगत क्षेत्रका सूचकहरु	प्रस्ताविक वडाहरु	जम्मा वडा
५	**न्याय, सुशासन तथा संस्थागत विकास**		
५.१	**कार्यालय व्यवस्थापन**		
५.१.१	गाउँ कार्यपालिका कार्यलय निर्माण	३	१
५.१.२	वडा कार्यालय निर्माण	सबै	८
५.१.३	विषयगत कार्यालय निर्माण	पालिकास्तरीय	३
५.२	**कर्मचारी व्यवस्थापन**		
५.२.१	गाउँ कार्यपालिका कर्मचारी व्यवस्थापन	पालिकास्तरीय	-
५.२.२	वडा कार्यपालिका कर्मचारी व्यवस्थापन	सबै	८
५.२.३	विषयगत कार्यालयका कर्मचारी व्यवस्थापन	सबै	८
५.३	**सेवा व्यवस्थापन**		
५.३.१	सेवा व्यवस्थापन सम्बन्धि योजना तथा कार्यविधी निर्माण	पालिकास्तरीय	-
५.३.२	सेवा सन्तुष्ठि मापन	पालिकास्तरीय	-
५.४	**सूचना तथा प्रविधि विकास**		
५.४.१	गाउँकार्यपालिकामा आ.इ.सी.टी. विस्तार तथा व्यवस्थापन	पालिकास्तरीय	-
५.४.२	वडा कार्यलयमा आ.इ.सी.टी. विस्तार तथा व्यवस्थापन		
५.५	**राजस्व परिचालन**		
५.५.१	राजस्व परिचालन विस्तृत योजना तयारी र कार्यान्वयन	पालिकास्तरीय	-
५.६	**वित्तीय व्यवस्थापन**		
५.६.१	वित्तिय व्यवस्थापन विस्तृत योजना तयारी र कार्यान्वयन	पालिकास्तरीय	-
५.७	**पारदर्शिता र जवाबदेहिता**		
५.७.१	सार्वजनीक सुनुवाई	पालिकास्तरीय	-
५.७.२	सामाजिक परिक्षण	पालिकास्तरीय	-
५.७.३	सार्वजनिक परिक्षण	पालिकास्तरीय	-
५.८	**न्याय तथा सुरक्षा**		
५.८.१	न्यायीक समितिको क्षमता विकास	पालिकास्तरीय	-
५.८.२	न्यायिक सचेतना तथा सहायता कार्यक्रम	पालिकास्तरीय	-

३.७ गाउँपालिकाका आवधिक गौरव आयोजनाहरु

गाउँपालिकाका आवधिक गौरव आयोजनाहरु निम्नअनुसार हुनेछन्:

तालिका ४: शैलुङ गाउँपालिकाको गौरव योजनाहरु

क्र.सं.	योजनाको नाम	योजनास्थल	योजना अवधि	
			शुरु वर्ष	सम्पन्न वर्ष
१	मुडे कालापानी सडक	शैलुङ ३,६	२०७५	२०७९
२	युवा उत्पादन स्वरोजगार कार्यक्रम (कृषि तथा लघु उद्यम)	शैलुङ १–८	२०७५	२०७७
३.	शैलुङ पर्यटन प्रवर्द्धन (किरातेश्वर महादेव तथा महाचैतन्य वौद्धविहारका लागि बुद्ध मूर्ति स्थापना)	शैलुङ ८	२०७४	२०७९
४.	गाउँपालिका भवन निर्माण	शैलुङ गाउँपालिका	२०७५	२०७७
५.	गाउँपालिका केन्द्रदेखि १–८ वडा जोड्ने सडक	शैलुङ १–८	२०७४	२०७९
६.	गाउँपालिका केन्द्रदेखि सबै वडा जोड्ने चक्रपथ निर्माण	शैलुङ १–८	२०७४	२०७९

३.८ योजनाको प्राथमिकता

आवधिक योजनाका लागि ५ वटा मुख्य विषयगत क्षेत्रका ४६ वटा उपक्षेत्रहरु रहेका छन् र ती अन्तर्गत ११२ वटा कार्यक्रमहरु समावेश गरिएका छन् । सर्वप्रथम आवधिक योजनाका ५ मुख्य क्षेत्रहरुलाई प्राथमिकीकरण गरिएको छ । यसपछि मुख्यक्षेत्र अन्तर्गतका उपक्षेत्रहरुलाई क्रमवद्धताको आधारमा प्राथमिकता गरिएको छ र हरेक उपक्षेत्रका कार्यक्रमहरुलाई पुन क्रमवद्धताको आधारमा प्राथमिकता नम्बर राखिएको छ । समग्र कार्यक्रमहरुलाई बजेट प्राथमिकता निर्धारण गर्न सजिलो बनाउने गरी पहिलो,दोस्रो र तेस्रो तहमा प्राथमिकता निर्धारण गरिएको छ । प्राथमिकता विरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: विषयगत योजनाहरुको प्राथमिकता

योजना कोड	विषयक्षेत्र	क्षेत्रगत प्रा.नं.	प्राथकिता समुह		
			१	२	३
१	**आर्थिक विकास**	१			
१.१	**कृषि विकास**	१			
१.१.१	व्यवसायिक तरकारीबाली	१			
१.१.२	व्यवसायिक मसलाबाली	२			
१.१.३	व्यवसायिक फलफूल खेती	३			
१.१.४	व्यवसायिक अन्नबाली	४			
१.१.५	कृषि प्रविधि विस्तार	५			

योजना कोड	विषयक्षेत्र	क्षेत्रगत प्रा.नं.	प्राथकिता समुह		
			१	२	३
१.१.६	कृषि संस्थागत विकास	६			
१.१.७	वीमा कार्यक्रम	७			
१.१.८	खाद्य सुरक्षा कार्यक्रम	८			
१.१.९	क्षमता विकास कार्यक्रम	९			
१.२	**पशुपंक्षी विकास**	**२**			
१.२.१	व्यवसायिक गाई, भैंसीपालन	१			
१.२.२	व्यवसायिक भेडा, बाख्रापालन	३			
१.२.३	व्यवसायिक बंगुरपालन	५			
१.२.४	व्यवसायिक कुखुरा, हाँसपालन	४			
१.२.५	व्यवसायिक माछापालन	१०			
१.२.६	व्यवसायिक मौरीपालन	९			
१.२.७	पशुपंक्षी आहारा विकास	२			
१.२.८	पशुपंक्षी स्वास्थ्य केन्द्र	६			
१.२.९	क्षमता विकास	७			
१.२.१०	संस्थागत विकास	८			
१.३	**पर्यटन विकास**	**३**			
१.३.१	शैलुङ पर्यटन विकास	१			
१.३.२	वडास्तरीय पर्यटन प्रवर्द्धन	२			
१.४.	**उद्योग तथा वाणिज्य**	**७**			
१.४.१	घरेलु उद्योग प्रवर्द्धन	१			
१.४.२	साना उद्योग प्रवर्द्धन	२			
१.४.३	ठूला उद्योग प्रवर्द्धन	६			
१.४.४	आपूर्ति व्यवस्थापन तथा गुणस्तर नियन्त्रण	४			
१.४.५	संस्थागत विकास	५			
१.४.६	उद्यमशीलता क्षमता विकास	३			
१.५	**सहकारी तथा वित्त**	**६**			
१.५.१	संस्थागत विकास	२			
१.५.२	उद्यम प्रवर्द्धन	१			
१.६	**रोजगारी प्रवर्द्धन**	**४**			
१.६.१	सूचना केन्द्र व्यवस्थापन	२			
१.६.२	सिर्जनात्मक कार्यक्रम	१			
१.७	**भूमि व्यवस्थापन**	**५**			
१.७.१	नीति, नियम, मापदण्ड, अभिलेख व्यवस्थापन	१			
१.७.२	जग्गा विकास, वर्गीकरण तथा व्यवस्थापन	२			
१.८	**खानी व्यवस्थापन**	**८**			

योजना कोड	विषयक्षेत्र	क्षेत्रगत प्रा.नं.	प्राथकिता समुह		
			१	२	३
१.८.१	सम्भाव्यता अध्ययन	१			
१.८.२	खानी संरक्षण तथा सञ्चालन	२			
२	**सामाजिक विकास**	**२**			
२.१	**शिक्षा**	**१**			
२.१.१	पूर्वाधार विकास	२			
२.१.२	शिक्षक व्यवस्थापन	१			
२.१.३	गुणस्तर अभिवृद्धि	३			
२.१.४	शैक्षिक प्रोत्साहन	७			
२.१.५	विद्यालय स्तरवृद्धि	६			
२.१.६	शिक्षण सिकाइ तथा प्रविधि विस्तार	४			
२.१.७	सामुदायिक तथा निरन्तर शिक्षा	११			
२.१.८	अध्ययन अनुसन्धान	१०			
२.१.९	सिर्जनात्मक अभियान	९			
२.१.१०	प्राविधिक शिक्षा	५			
२.१.११	परीक्षा तथा प्रशासनिक व्यवस्थापन	८			
२.२	**स्वास्थ्य**	२			
२.२.१	पूर्वाधार विकास तथा कार्यालय व्यवस्थापन	३			
२.२.२	कर्मचारी व्यवस्थापन	१			
२.२.३	स्वास्थ्य सेवा विस्तार	२			
२.२.४	अस्पताल विकास	४			
२.२.५	संस्थागत विकास	८			
२.२.६	क्षमता विकास	६			
२.२.७	सरसफाई तथा स्वच्छता कार्यक्रम	५			
२.२.८	सचेतना कार्यक्रम	७			
२.२.९	वैकल्पिक स्वास्थ्य सेवा प्रवर्द्धन	९			
२.३	**खानेपानी तथा सरसफाई**	**३**			
२.३.१	खानेपानी सेवा विस्तार	१			
२.३.२	सरसफाइ प्रवर्द्धन	३			
२.३.३	पानीको स्रोत संरक्षण	२			
२.३.४	संस्थागत विकास	४			
२.४	**संस्कृति प्रवर्द्धन**	**५**			
२.४.१	सम्पदा संरक्षण तथा पूर्वाधार विकास	१			
२.४.२	भाषा,साहित्य,संगीत, संस्कृति प्रवर्द्धन	३			
२.४.३	चित्रकला, मूर्तिकला प्रवर्द्धन	४			
२.४.४	सांस्कृतिक जागरण अभियान	५			

योजना कोड	विषयक्षेत्र	क्षेत्रगत प्रा.नं.	प्राथकिता समुह		
			१	२	३
२.४.५	उद्यान तथा स्मारक	२			
२.५	**सञ्चार**	**६**			
२.५.१	पूर्वाधार विकास	१			
२.५.२	सूचना तथा प्रविधि विस्तार	२			
२.५.३	आमसञ्चार प्रवर्द्धन	३			
२.६	**लक्षियत वर्ग कार्यक्रम/लैससास**	**४**			
२.६.१	बालबालिका लक्षित कार्यक्रम	१			
२.६.२	महिला लक्षित कार्यक्रम	२			
२.६.३	ज्येष्ठ नागरिक लक्षित कार्यक्रम	४			
२.६.४	अपांगता लक्षित कार्यक्रम	३			
२.६.५	एकल महिला तथा पुरुष लक्षित कार्यक्रम	५			
२.६.६	असहाय, असक्त, संरक्षकविहीन लक्षित कार्यक्रम	८			
२.६.७	दलित लक्षित कार्यक्रम	६			
२.६.८	जनजाति लक्षित कार्यक्रम	७			
२.६.९	अल्पसंख्यक लक्षित कार्यक्रम	१०			
२.६.१०	युवा लक्षित कार्यक्रम	९			
२.६.११	पूर्वाधार विकास	११			
२.७	**खेलकुद**	**७**			
२.७.१	पूर्वाधार विकास	१			
२.७.२	खेलकुद पवर्द्धन	२			
३	**पूर्वाधार विकास**	**३**			
३.१	सडक तथा पुल	१			
३.१.१.	पालिका स्तरीय सडक स्तरोन्नति				
३.१.२	वडा स्तरीय सडक नयाँ तथा स्तरोन्नति				
३.१.२	मोटरेबल पुल				
३.२	गोरेटो,घोडेटो बाटो व्यवस्थापन	६			
३.३	विद्युतीकरण (कालो तार व्यवस्थापन, ट्रान्समिटर आदि)	५			
३.४	भवन निर्माण	२			
३.४.१	पालिका भवन निर्माण				
३.४.२	वडा कार्यालय भवन निर्माण तथा मर्मत				
३.४.३	स्वास्थ चौकी भवन निर्माण				
३.४.४	अन्य भवन निर्माण				
३.५	वस्ती विकास	३			
३.६	शहरी विकास	३			
३.७	जलविद्युत विकास	७			

योजना कोड	विषयक्षेत्र	क्षेत्रगत प्रा.नं.	प्राथकिता समुह		
			१	२	३
३.८	सिँचाइ	४			
३.९	सार्वजनिक निर्माण	६			
४	**वन, वातावरण तथा विपद व्यवस्थापन**	**४**			
४.१.	**वन विकास**	**१**			
४.१.१	सामुदायिक वन	१			
४.१.२	कवुलियती वन	२			
४.१.३	निजी वन	३			
४.१.४	धार्मिक वन	४			
४.१.५	संरक्षित वन	५			
४.२	वनजन्य उद्यम प्रवर्द्धन	२			
४.३	जैविक विविधता तथा वन्यजन्तु संरक्षण	८			
४.४	तटबन्ध, भू तथा जलाधार संरक्षण	३			
४.५	जलवायु अनुकुलन प्रवर्द्धन	७			
४.६	जोखिम तथा प्रकोप न्युनीकरण	४			
४.७	विपद व्यवस्थापन (रोकथाम)	६			
४.८	फोहोर मैला व्यवस्थापन	५			
५	**संस्थागत विकास तथा सुशासन**	**५**			
५.१	गाउँपालिका कार्यालय भवन निर्माण	१			
५.२	गाउँपालिका कार्यालय व्यवस्थापन	३			
५.३	कर्मचारी व्यवस्थापन	२			
५.४	योजना, अनुगमन, मूल्यांकन, नीति नियम तथा अभिलेख प्रणाली	४			
५.५	नियमित बैठक, सभा तथा कार्यशाला	७			
५.६	कर्मचारी क्षमता विकास	५			
५.७	जनप्रतिनिधि क्षमता विकास	६			
५.८	सवारी साधन	९			
५.९	औजार तथा मेसिनरी	११			
५.१०	न्याय तथा मेलमिलाप	८			
५.११	शान्ति सुरक्षा व्यवस्थापन	१२			
५.१२	प्रकाशन तथा प्रचार प्रसार	१३			
५.१३	अनुसन्धान तथा परामर्श सेवा	१४			
५.१४	जवाबदेहिता र पारदर्शिता	१०			

अध्याय ४: क्षेत्रगत योजनाहरु

४.१ क्षेत्रगत सोच तथा रणनीतिहरु

यस अध्यायमा गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने क्षेत्रगत योजनाका सोच, लक्ष्य, उद्देश्य, रणनीति, आवधिक नतीजा र कार्यक्रमका क्षेत्रहरु समावेश गरिएको छ ।

क. आर्थिक विकास

तालिका ६: आर्थिक विकासको सोच तथा रणनीतिहरु

१. कृषि		
१	सोच	- खाद्य आत्मनिर्भरतासहित बाह्य निकासीमा वृद्धि हुनेछ ।
२	प्रमुख लक्ष्य	- कुल कृषकमध्ये व्यवसायिक कृषि गर्ने कृषकहरुको संख्या कम्तीमा १० प्रतिशत पुग्नेछ । - प्रमुख खाद्यान्नबाली मकै, कोदो, गहुँ, धानमा आत्मनिर्भरतामा वृद्धि भएको हुनेछ । - आलु तथा अन्य तरकारी बालीको नियमित निकासीमा वृद्धि भएको हुनेछ ।
३	उद्देश्य	- कृषि समूह तथा सहकारीहरु प्रवर्द्धन गर्ने । - भू उपयोगको आधारमा स्थानीय योजना निर्माण गर्ने । - कृषि क्षेत्रको लगानीमा अनुदान वृद्धि गर्ने । - कृषि गुरुयोजना बनाइ लागु गर्ने ।
४	रणनीति तथा कार्यनीति	- कृषि व्यवसायीकरणका लागि सं २०७५-२०५० सम्मको कृषि विकास रणनीति तयार गर्ने - किसानहरुलाई फर्म तथा समुह दर्तामार्फत संगठित गरी परिचालन गर्ने । - उन्नत प्रजातिको विकासका साथै स्थानीय प्रजाति संरक्षण र जैविक खेती प्रवर्द्धन गर्ने । - कृषि र पशु उद्यममा अनुदान र क्षमता विकास लगायतका सेवासहित युवा परिचालन गर्ने । - बाली तथा पशुधन सुरक्षाका लागि वीमा नीति लागु गर्ने । - हरेक उत्पादनको पकेटक्षेत्र विस्तार गरी कार्यान्वयन गर्ने । सूचना, सञ्चार, साझेदारी, अनुसन्धान, प्रविधिमैत्री बनाइ कृषि उद्यमलाई आधुनिकीकरण गर्ने । - गाउँपालिकामा विउ वैंक, गोदाम घर तथा सेवा केन्द्र सञ्चालन गर्ने ।
५	आवधिक नतीजा	- कृषिमा आश्रीत कुल घरधुरीमध्ये कम्तीमा २० प्रतिशत संगठित तथा व्यवसायिक कृषिमा आबद्ध हुनेछन् । - प्रति हेक्टर उत्पादकत्व दर कम्तीमा १० प्रतिशतले वृद्धि हुनेछ । - कृषिमा आश्रीत खाद्य आत्मनिर्भरताको दर कम्तीमा २५ प्रतिशत वृद्धि हुनेछ ।
६	कार्यक्रम	- व्यवसायिक आलु तथा तरकारीबाली - व्यवसायिक मसलाबाली - व्यवसायिक अन्नबाली - आलु चिस्यान केन्द्र - कृषि प्रविधि विस्तार - कृषि उपज संकलन केन्द्र - वीमा कार्यक्रम

		- खाद्य सुरक्षा कार्यक्रम - क्षमता विकास कार्यक्रम
२. पशुपालन		
१	**सोच**	पशुपंक्षीजन्य उत्पादनमा (मासु, अण्डा र दुग्ध) आत्मनिर्भर गाउँपालिका बनाउने ।
२	**प्रमुख लक्ष्य**	कुल पशुपालकमध्ये व्यवसायिक पशुपालन गर्ने किसान संख्या कम्तीमा ५ प्रतिशत पुग्नेछ ।
३	**उद्देश्यः**	- पशुपन्छी पालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाई पशुपन्छीजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्ने । - पशुपन्छी पालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने ।
४	**रणनीति तथा कार्यनीतिः**	- पशु गोठ तथा थला सुधार गर्न निश्चित प्रतिशत अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने । - पशुजन्य रोग नियंत्रण अभियानलाई उल्लेख्य न्युनीकरण गर्ने जनशक्ति र सेवाहरु वृद्धि गर्ने । - दुग्ध तथा मासु उत्पादन व्यवसाय दीगो र व्यवसायिक रुपमा अगाडि वढाउन सरकारी कार्यविधिलाई प्रभावकारी कार्यान्वयन गर्ने ।
५	**आवधिक नतीजा**	- पशुपालनमा आश्रित कुल घरधुरीमध्ये कम्तीमा २० प्रतिशत संगठित तथा व्यवसायिक पशुपालनमा आबद्ध हुनेछन् । - हालको पशुपंक्षीजन्य आम्दानीलाई कम्तीमा २५ प्रतिशत वृद्धि गर्ने । - १ वडा १ कृषि तथा पशु प्राविधिक विकास गर्ने । - मासु तथा दुग्ध उत्पादन पकेट क्षेत्रहरुको पहिचान र विकास गर्ने । - कम्तीमा १ वटा नश्ल सुधार केन्द्र स्थापना गर्ने ।
६	**कार्यक्रम**	- व्यवसायिक पशुपालन - व्यवसायिक पंक्षीपालन - व्यवसायिक माछापालन - पशुपंक्षी आहारा विकास - पशुपंक्षी स्वास्थ्य केन्द्र - क्षमता विकास
३. पर्यटन		
१	**सोच**	निजी क्षेत्रको साझेदारीमा पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।
२	**प्रमुख लक्ष्य**	- शैलुङलाई कम्तीमा प्रदेशस्तरीय पर्यटन केन्द्रको रुपमा विकास गर्ने । - एयतबतयँक्ष्त एँबक्र, क्ष्लमगकतचथ, त्यगचष्क्र० को रुपमा पर्यटन प्रवर्द्धन गर्ने । - शैलुङलाई प्राकृतिक, सांस्कृतिक तथा कृषि पर्यटन केन्द्रको रुपमा विकास गर्ने ।
३	**उद्देश्य**	- देशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्ने । - पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्ने ।
४	**रणनीति तथा कार्यनीति**	- पर्यटनबाट रोजगारी र आयआर्जन बनाउन मनोरञ्जन प्रकृतिका पुरातात्विक, ऐतिहासिक, धार्मिक र साहसिक पर्यटनको पुर्वाधार निर्माण, वजार प्रवर्द्धन र सेवा सुविधाको विस्तार गर्ने । - शैलुङक्षेत्रमा सम्भाव्यता अध्ययन गरी पदमार्गको रुपमा विकास गर्ने । - पर्यटकीय स्थलको वारेमा जानकारी दिने सुचना वोर्ड राख्ने, सुरक्षित यातायात सुविधा

		र आवास सुविधा व्यवस्था गर्ने ।
५	**नतीजा**	शैलुङ पर्यटन गुरुयोजना निर्माण भइ कार्यान्वयन हुनेछ ।
६	**कार्यक्रम**	- गाउँपालिका स्तरिय पर्यटन प्रवर्द्धन कार्यक्रम - वडास्तरीय पर्यटन प्रवर्द्धन कार्यक्रम
४. उद्योग, वाणिज्य तथा आपूर्ति		
१	**सोच**	कृषि, पशु तथा वनमा आधारित उद्योग वृद्धि गरी आर्थिक रूपान्तरण गर्ने ।
२	**प्रमुख लक्ष्य**	घरेलु तथा साना उद्योग विस्तार गरी स्थानीय रोजगारी विकास गर्ने ।
३	**उद्देश्य**	- घरेलु तथा साना उद्योग विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । - स्थानीय उद्योग विकासमा सरकारी, सहकारी तथा संघ संस्थाको साझेदारी विस्तार गर्ने
४	**रणनीति तथा कार्यनीतिः**	- लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्ने । - स्थानीय उत्पादन अभिवृद्धि योजनामा लगानी बढाउने । - स्थानीय उद्यमीहरुलाई संगठित र व्यवसायिक बनाउन मद्दत गर्ने ।
५	**आवधिक नतीजा**	- स्थानीय हरेक वडामा कम्तीमा १ वटा सामुहिक लघु उद्योग सञ्चालन हुनेछ ।
६	**कार्यक्रमः**	- घरेलु तथा साना उद्योग प्रवर्द्धन - ठूला उद्योग प्रवर्द्धन - आपूर्ति व्यवस्थापन तथा गुणस्तर नियन्त्रण - संस्थागत विकास - उद्यमशीलता क्षमता विकास
५. सहकारी तथा वित्त व्यवस्थापन		
१	**सोच**	उत्पादन लगानीका लागि सक्षम, सरल र सहज वित्तीय सेवाहरु विकास गर्ने ।
२	**प्रमुख लक्ष्य**	- स्थानीय व्यवसायिक विकासका लागि स्थानीय माग तथा सेवाहरु आपूर्ति गर्नसक्ने बैंक,सहकारी तथा लघुवित्तीय संस्थाहरु प्रदवर्द्धन गर्ने ।
३	**उद्देश्य**	- सहकारी, बैंकिङ क्षेत्रलाई गाउँपालिकाको आर्थिक लक्ष्य प्राप्तिकका लागि लगानीमैत्री बनाउने । - विप्रेषणबाट प्राप्त आम्दानीलाई स्थानीय रोजगारी प्रवर्द्धनमा परिचालन गर्ने । - निजी, सरकारी, सहकारी साझेदारीको माध्यमबाट आयआर्जनका क्षेत्रहरु विस्तार गर्ने ।
४	**रणनीति तथा कार्यनीति**	- स्थानीय स्तरमा गठित विभिन्न सामुदायिक संस्थाहरु, सामुदायिक वन तथा कवुलियती वन उपभोक्ता समुहहरुलाई आय आर्जनका क्षेत्रमा परिचालन गर्ने । - विषयगत सहकारी संस्थाहरुको समन्वयबाट स्थानीय उत्पादन प्रणाली बलियो बनाउने ।
५	**आवधिक नतीजा**	- साना उद्यमीका लागि समेत वित्तीय संस्थाको ऋण पहुँच सहज बन्नेछ । - सबै बैंक तथा सहकारीहरु कानुनी मापदण्ड र विकास नीतिअनुसार सञ्चालन हुनेछन् । - हरेक वडामा कम्तीमा १ वटा क्रियाशील उत्पादन सहकारी सञ्चालन हुनेछ ।
६	**कार्यक्रमः**	- सहकारी प्रवर्द्धन - लघु वित्त तथा शाखारहित वैंकहरुको शाखा विस्तार - सहकारीमा आधारित उद्यमहरुको स्थापना
६. संरक्षित क्षेत्र व्यवस्थापन		
१	**सोच**	सांस्कृतिक तथा ऐतिहासिक महत्वका विशेष क्षेत्रहरुलाई संरक्षित क्षेत्र घोषणा गरी संरक्षण

		गर्ने
२	प्रमुख लक्ष्य	गाउँपालिकामा सांस्कृतिक ऐतिहासिक संरक्षण क्षेत्र विकास गर्ने ।
३	उद्देश्य	- सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको दीर्घकालीन रुपमा संरक्षण गर्ने । - संरक्षित सम्पदा क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।
४	रणनीति तथा कार्यनीति	सांस्कृतिक, ऐतिहासिक महत्व भएको र पर्यटकीय प्रवर्द्धनको पर्याप्त सम्भावना रहेको क्षेत्रलाई संरक्षित क्षेत्र विकासको लागि छनौट गर्ने ।
५	नतीजा	शैलुङ पर्यटन क्षेत्र संरक्षित क्षेत्रको रुपमा प्रवर्द्धन हुनेछ ।
६	कार्यक्रम	- संरक्षणक्षेत्र विकास - प्रचार प्रसार कार्यक्रम
७. भूमि व्यवस्थापन		
१	सोच	भूमिको वैज्ञानिक व्यवस्थापन र सामाजिक न्यायमा आधारित भूस्वामित्व विकास गर्ने ।
२	प्रमुख लक्ष्य	भू-बनोटमा आधारित कृषि, पशु तथा बस्ती विकास क्षेत्रहरु विकास गर्ने ।
३	उद्देश्य	- भूमि तथा भूमिस्रोतको न्यायोचित वितरण र विवेकशील प्रयोगको आधार निर्माण गर्ने । - शहरीकरणका क्षेत्रहरु यकिन गरी जग्गाको व्यवसायिक वर्गीकरण गर्ने । - भूमिलाई उतपादनशील स्रोतमा परिणत गर्ने ।
